पूर्णाङ्क २८

# प्राज्ञिक संसार २०८०

सङ्गीत-नाट्य बुलेटिन

Academia
Music-Drama Bulletin
www.namuda.org.np

## नयाँ प्राज्ञ सभा गठन






१३ औं प्राज्ञ सभा




१३ औं वार्षिकोत्सव



गणतान्त्रिक सांस्कृतिक साँझ



नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार समर्पण

## नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित पुस्तकहरू बिक्रीमा:



रू.३२५/-





रू.५००/-





रू.२५०/-





रू.५००/-





रू.३५०/-



रू.२५०/-



रू.३००/-




रू.५००/-





रू.२००/-




रू.३५०/-




रू.५००/-





रू.३५०/-




रू.५००/-




रू.३५००/-



रू.३५०/-

प्रकाशक
**नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान**
नक्साल, काठमाडौं
पोष्ट बक्स: ११७३०
फोन: ९७७-१-४४२८४०४/५
फ्याक्स: ४४२८४०७
Email: info@namuda.org.np
Website : www.namuda.org.np

**संरक्षक**
निशा शर्मा पोखरेल
शम्भू राई
कुश्मा महरा

**सम्पादक मण्डल**
कर्ण बहादुर गौतम
चेतन सापकोटा
टिका पुन
बखत बहादुर हमाल
हिसन बहादुर मगर

**प्रधान सम्पादक**
डक्टर किराँत

**सम्पादन सहयोगी**
सनमान चेम्जोङ

**तस्बिर**
रत्नहजुर सेन

**साजसज्जा**
श्रीहरि सापकोटा
स्काई प्रेस प्रा.लि.

# सम्पादकीय

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित हुँदै आएको नियमित बुलेटिन **प्राज्ञिक संसार** पूर्णाङ्क २२ आदरणीय पाठकसमक्ष पस्किन पाउँदा अत्यन्त गौरवान्वित छौँ । हामीलाई विदितै छ, २०६२/०६३ को ऐतिहासिक दोस्रो जनआन्दोलनपश्चात् नेपालको सङ्गीत तथा नाट्य विधाको संरक्षण, संवर्द्धन, प्रबर्धन एवम् सर्वाङ्गिण विकास गर्न, सम्बन्धित विधामा अध्ययन एवम् अनुसन्धान गर्न, गराउन तथा यस क्षेत्रका विद्वान् तथा प्रतिभाहरूको सम्मान र कदर गर्न यस प्रज्ञा-प्रतिष्ठानको स्थापना भएको हो । नेपाल सरकारको अविच्छिन्न उत्तराधिकारीवाला एक स्वशासित संस्था यस प्रज्ञा-प्रतिष्ठान यसअघि तीन कार्यकाल पूरा गरी अहिले चौँथो कार्यकालमा छ ।

वरिष्ठ रङ्गकर्मी निशा शर्मा पोखरेल कुलपति रहने गरी २०७९ साल फागुन ०४ गते सरकारद्वारा गठन गरिएको हाम्रो नयाँ टिमले नयाँ जाँगर र उत्साहका साथ यस प्रज्ञा-प्रतिष्ठानलाई अगाडि बढाउने प्रयत्न गरिरहेको छ । हामी जानकार छौँ, आफ्नो स्थापनाको बाऱ्हौं वर्षगाँठ पूरा गरी अहिले तेह्रौं वर्षमा हिँडिरहेको यस संस्थालाई यहाँसम्म ल्याइपुऱ्याउन सहज थिएन । डेराघर खोज्दै सर्दै, कोरोना कहरका बीच मुद्दामामिलामा फस्दै अहिले काठमाडौँ नक्सालस्थित आफ्नै नाममा जग्गा प्राप्त गर्ने र त्यस जग्गामा अस्थायी आवास निर्माण गरी दैनिक कार्यसञ्चालन गर्ने यस अघिका कार्यकारी निकायले पुऱ्याएको योगदान स्तुत्य छ ।

अब प्रज्ञा-प्रतिष्ठानको लागि आवश्यक भौतिक संरचना निर्माण गर्ने जिम्मेवारी हाम्रो यो कार्यसमितिको काँधमा आइपुगेको छ । यस कार्यभारलाई सम्पन्न गर्ने हाम्रो कोशिस रहने नै छ । त्यसो त मुलुकको आर्थिक स्थिति कम दयनीय छैन र नै त थप प्रयत्न र जोडबल लगाउनै पर्ने भएको छ । कार्यालयलाई चुस्त दुरूस्त बनाउनु छ । अध्ययन अनुसन्धानका लागि आर्थिक समस्या छ । सानो बजेटले धेरै ठूलो उद्देश्यलाई भेट्नु छ । हाम्रा नाट्य, सङ्गीत र नृत्य विधाको वास्तविक उत्खनन गर्दै संवर्द्धन, प्रबर्धन गर्नु छ । यी सारा उद्देश्यलाई सफलीभूत पार्न सिङ्गो नेपाली कलाक्षेत्र, स्रष्टा/सर्जक र आम नागरिकको साथसहयोग आवश्यक छ ।

नयाँ कार्यसमितिको नियुक्तिसँगै सपथ ग्रहण, विभागीय जिम्मेवारी बाँडफाँट र नियमित कार्यसम्पादन शुरू भइसकेको छ । यस बीचमा आ.व. २०७९/८० विनियोजित बजेटमा प्रज्ञा-प्रतिष्ठानले गर्न बाँकी विभागीय कार्यक्रम, प्रशिक्षण, प्रदर्शनी, अन्तर्क्रियात्मक छलफल, अनुसन्धानसँगै नियमित कार्यक्रमहरू पुरस्कार, सम्मान, जन्मजयन्ती आदि गतिविधि सम्पन्न भएका छन् ।

आउने समय लुकेर रहेका संस्कृतिलाई मिहीन ढङ्गले अनुसन्धान गर्दै ल्याउने र सङ्ग्रहित गर्ने उत्साहका साथ अगाडि बढ्ने नै छौँ । गाउँगाउँ, कुनाकुनामा रहेका रैथाने कलाको संरक्षण गर्न र त्यस्ता कलासँग प्रत्यक्ष जोडिएका कलाकर्मीलाई प्रोत्साहित र गौरवान्वित तुल्याउने कार्यमा प्रत्यक्ष कदम चाल्दै जाने छौँ ।

# विषयसूची

चौँथो कार्यकालका लागि नयाँ प्राज्ञसभा गठन
कुलपतिमा शर्मा नियुक्त ३
१३ औं "प्राज्ञ सभा सम्पन्न १२
नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार...... १४
८५ औँ अम्बर जयन्ती मनाइयो २०
६२ औँ विश्व रङ्गमञ्च दिवस २१
४१ औँ अन्तर्राष्ट्रिय नृत्य दिवस २२
प्रज्ञा-प्रतिष्ठानले १३ औँ वार्षिकोत्सव मनायो २३
किरात बायुङ राईको दोलोकुम प्रस्तुति सम्पन्न २४
गण्डकी प्रदेशस्तरीय पञ्चेबाजा र खैँजडी वादन प्रशिक्षण २५
पोखरामा पुनमगरको परम्परागत सङ्गीत प्रदर्शनी २५
पहिलो पटक 'गणतन्त्र दिवस सांस्कृतिक साँझ' सम्पन्न २६
नाटक गुन-केसरी मञ्चित २८
लोपोन्मुख असारे तथा दाइँ गीत....... ३०
नाट्य प्रविधिसम्बन्धी कार्यशाला सञ्चालन ३१
शास्त्रीय सङ्गीत प्रस्तुति कार्यक्रम आयोजना ३२
पँवरिआ नाच विषयक सङ्गोष्ठी आयोजना ३४
गीत लेखन कला कार्यशाला सम्पन्न ३४
नेपाली लोकनाचको विगत र वर्तमान अवस्था... ३५
"लोक सङ्गीत हिजो र आज" विषयक सङ्गोष्ठी सम्पन्न ३५
भक्तपुरमा सम्पन्न भयो मुकुन्डो नृत्य प्रदर्शनी ३६
विषयगत शिक्षक दरबन्दीको व्यवस्था गर्न ध्यानाकर्षण ३७
पशुपतिनाथ क्षेत्र सरसफाइ अभियान ३८
दुई पुस्तक प्रकाशित ३८
वरिष्ठ गायक हरिबहादुर राउतको अन्तर्वार्ता छायाङ्कन ३९
"नेपाली नाटक : प्रथम अन्तर्राष्ट्रिय सेमिनार" ३९
कर्मचारी सङ्घद्वारा सांस्कृतिक कार्यक्रम ४०
रक स्टार रोबिन तामाङप्रति श्रद्धाञ्जली ४०
साथमा
अन्य समाचार

# टीकापुर साहित्य महोत्सवमा कुलपति




काठमाडौँ । टीकापुर साहित्य समाजले साहित्यमार्फत् सामाजिक सद्भाव भन्ने नाराका साथ आयोजना गरेको टीकापुर साहित्य महोत्सवको अवसरमा यस प्रज्ञा-प्रतिष्ठानका कुलपति निशा शर्मा पोखरेल सहभागी हुनुभयो । चैत २७ गते 'नेपाली नाटक मञ्चनः विगत र वर्तमान' विषयमा कुलपति शर्मा, सुप्रसिद्ध नाटककार अशेष मल्ल तथा चर्चित रङ्गकर्मी सरिता गिरीले आफ्ना धारणा व्यक्त गर्नुभयो । सेसनलाई रङ्गकर्मी सरस्वती चौधरीले सहजीकरण गर्नु भएको थियो । महोत्सव चैत २५ देखि २७ सम्म आयोजना गरिएको थियो ।

# श्रष्टा बायोग्राफी निर्माण जारी



काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको श्रव्यदृश्य विभागले यस वर्ष पनि श्रष्टा तथा कलाकारको बायोग्राफी निर्माण कार्यलाई जारी राखेको छ । नेपाली नाट्य तथा सङ्गीत जगत्मा लामो समय योगदान दिएका श्रष्टाहरूलाई चिरकालसम्म अभिलेखन गर्ने उद्देश्यले प्रज्ञा-प्रतिष्ठानले यस्तो भिडियोग्राफी निर्माण गर्दै आएको हो । यसअघि डेढ दर्जन बढी स्रष्टाकलाकारको भिडियोग्राफी निर्माण भइसकेको र यस वर्ष वरिष्ठ लोकगायक एल.पी. जोशी र वरिष्ठ गीतकार शिवशंकर थापाको जीवनी छायाङ्कन गरिएको उपकुलपति शम्भू राईले बताउनुभयो ।

भिडियोग्राफीमा श्रष्टाको छोटो जीवनकथा, अनुभव र योगदानबारे २० मिनेटदेखि ३० मिनेटसम्म गरिएको कुराकानीलाई समेटिने गरिन्छ । यस्ता भिडियोग्राफीलाई प्रज्ञा-प्रतिष्ठानको आधिकारिक युट्युब च्यानलबाट प्रशारण गरिँदै आएको छ । उपकुलपति राईले सम्बन्धित विधामा खारिएका अग्रज स्रष्टाको वृत्तचित्रले युवा पुस्तालाई उत्प्रेरित गराउने समेत विश्वास व्यक्त गर्नुभयो ।



# चौँथो कार्यकालका लागि नयाँ प्राज्ञसभा गठन

## कुलपतिमा पहिलो पटक महिला



काठमाडौँ । नेपाल सरकारले मिति २०७९ फागुन ४ गते बिहीबार नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको चौथो कार्यकालका लागि नयाँ प्राज्ञ सभा गठन गऱ्यो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री संयोजक रहेको सिफारिस समितिको सिफारिसमा पहिलो पटक महिला कुलपति हुने गरी निशा शर्मा पोखरेलको नेतृत्वमा नौ जना परिषद् सदस्य र १५ जना प्राज्ञसभासदस्य सहितको नयाँ प्राज्ञसभा गठन गरेको हो ।

नवगठित प्राज्ञ सभामा शर्मा कुलपति, शम्भु राई उपकुलपति, कुस्मा महरा (प्रगति) सदस्य सचिव र प्राज्ञ परिषद् सदस्यमा कर्णबहादुर गौतम, बखतबहादुर हमाल, डक्टर किरात, हिसनकुमार मगर, टीका पुन र चेतन सापकोटा हुनुहुन्छ ।

यसै गरी प्राज्ञसभा सदस्यमा राधा राई, पुरू लम्साल, विनितकुमार ठाकुर, सुरत विष्ट, महेश्वर सुनार, कमलमणि नेपाल, दिलबन्धु यादव, कला राई, शान्ति कठायत, हरिप्रसाद पौडेल, सुरोजकुमार मादेन, टीकाराम राई, विष्णु मोक्तान, देवकुमार चौधरी र भिषण मुकारूङ राई हुनुहुन्छ ।

फागुन ३ गतेको मन्त्री परिषद्को बैठकले नेपाल प्रज्ञा-प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान र यस प्रज्ञा प्रतिष्ठानको नयाँ प्राज्ञसभा नियुक्त गर्ने निर्णय गरेको थियो । फागुन ४ गते प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डबाट संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीको उपस्थितिमा नवनियुक्त तीन वटै प्रज्ञा-प्रतिष्ठानका कुलपतिले पद तथा गोपनियताको सपथ लिनु भएको थियो । सोही दिन अपरान्ह कुलपति शर्माले उपकुलपति, सदस्यसचिव, प्राज्ञपरिषद् सदस्य र प्राज्ञसभा सदस्यहरूलाई प्रज्ञा-प्रतिष्ठानको कार्यालय नक्सालमा सपथ गराउनुभयो । सो क्रममा परिषद् पदाधिकारी, प्राज्ञसभा सदस्य र प्रतिष्ठानका कर्मचारीबीच परिचयात्मक कार्यक्रमसँगै पदाधिकारीको कार्य जिम्मेवारी ग्रहण कार्य पनि सम्पन्न भयो । उक्त दिन उपस्थित हुन असमर्थ प्राज्ञपरिषद् सदस्य चेतन सापकोटा र प्राज्ञसभा सदस्य कमलमणि नेपाल, विष्णु मोक्तान र हरिप्रसाद पौडेललाई भने चैत ६ गते कुलपति शर्माले सपथ गराउनुभयो ।

# चौथो कार्यकालका लागि नियुक्त प्राज्ञहरूको परिचय

## निशा शर्मा पोखरेल, कुलपति



प्रथम महिला कुलपतिको इतिहास रच्न सफल निशा शर्मा पोखरेल वरिष्ठ रङ्कर्मी हुनुहुन्छ । २०३१ सालमा नृत्यमा स्वर्णपदक जितेर कला क्षेत्रमा भित्रिएकी शर्माले त्यसपछि कहिल्यै पछि फर्कनु परेन । दर्जनौँ नाटक, टेलिफिल्म र चलचित्रमा अभिनयसँगै नेपाली रङ्गमञ्चको सर्वपक्षीय विकासमा उहाँ सक्रिय हुनुहुन्छ । आरोहण गुरूकुलको संस्थापक सदस्यमध्ये एक उहाँले पन्ध्र वटा नाटकमा मुख्य चरित्र अभिनय गर्नु भएको छ । 'अग्निको कथा', 'मायादेवीको सपना', 'सपनाको साबिती', 'पुतलीको घर', 'जयमाया आफू मात्र लेखापानी आइपुगी', 'रशोमन', 'आरूका फूलका सपना', 'इडिपस', आउट साइडर', 'प्रतिभा आकाश माग्छे' जस्ता नेपाली रङ्गमञ्चलाई उचाइ दिलाउने थुप्रै नाटकलाई उहाँको अभिनय कलाले जीवन्त बनायो। एक दर्जनभन्दा बढी राष्ट्रमा नाटक प्रदर्शन, प्रशिक्षण र कार्यशालामा कयौँ पटक सहभागी भएर नेपाली रङ्गमञ्चलाई अन्तर्राष्ट्रिय मञ्चमा चिनाउन समेत भूमिका खेल्नु भएको उहाँ यस प्रज्ञा-प्रतिष्ठानको अघिल्लो कार्यकालमा प्राज्ञपरिषद् सदस्य हुनुहुन्थ्यो ।

## शम्भू राई, उपकुलपति



२०१३ साल माघ ३ गते धनकुटा जिल्लाको हाल पाख्रिबास नगरपालिका वडा नं. १० चुङ्बाङमा जन्मनु भएका उपकुलपति राई नेपाली सङ्गीत दुनियामा अत्यन्त लोकप्रिय अग्रज कलाकारका रूपमा सुपरिचित हुनुहुन्छ । २०३४ सालमा जनताका माझ प्रगतिशील गीतसङ्गीत गाउँदै बजाउँदै अघि बढ्नु भएको उहाँ पछि रेडियो नेपाल (सं. २०४१) र राष्ट्रिय नाचघर (सं. २०४३–२०५०) मा पनि आबद्ध हुनुभयो। २०५१ सालमा निजी तवरमा श्रद्धा रेकर्डिङ स्टुडियो स्थापना गरी व्यवसायिक रूपले सक्रिय उहाँ गायन, सङ्गीत र गीतलेखन तीनै विधामा पोख्त स्रष्टा हुनुहुन्छ । दुई दर्जन बढी एल्बम सार्वजनिक गरिसक्नु भएका उहाँका गीत प्रायः सबै उमेर समूहका श्रोताका ढुकढुकीमा बस्न सफल मानिन्छ । नारायण गोपाल सम्मान, सगरमाथा सम्मान, नातिकाजी सम्मान, छिन्नलता पुरस्कार जस्ता दर्जनौँ सम्मान र पुरस्कारका विजेता उहाँले डेढ दर्जन बढी देशमा आफ्नो साङ्गीतिक प्रस्तुति दिनु भएको छ। 'चलेछ बतास सुस्तरी', 'चिठ्ठी तिमीलाई लेखुँ भन्छु', ' यो मन भन्छ कहाँ जाऊँ 'आलुदम चना', 'घर त हिले हो' लगायत उहाँका सयौँ गीत चर्चित छन् ।

## कुश्मा महरा, सदस्य सचिव



२०४२ सालमा रोल्पा लिबाङमा बुबा कृष्णबहादुर महरा र आमा सीता महराको कोखबाट जन्मनु भएको कुश्मा महराको मुख्य विधा गायन हो । २०५४ सालदेखि सांस्कृतिक गतिविधिमा संलग्न उहाँले अहिलेसम्म २ सय बढी गीतमा स्वराङ्कन गर्नु भएको छ । मुख्यतः जनवादी/प्रगतिशील गीत गायनमा स्थापित उहाँले चेतनामूलक, खेलकुद र सामाजिक सुधारसम्बन्धी लोकआधुनिक गीतहरू पनि गाउनु भएको छ । जनयुद्धसम्बन्धी ओपेरा, सामूहिक गीतिएल्बम, लघुचलचित्र गरी उहाँका आधा दर्जन बढी एल्बम बजारमा उपलब्ध छन् ।

आफ्नो साङ्गीतिक जीवनलाई राजनीतिक सामाजिक परिवर्तनको मूल अभियानसँग जोडेर अघि बढ्नु भएको उहाँ विभिन्न प्रगतिशील सांस्कृतिक परिवारमा आबद्ध हुनुभयो। तत्कालीन सशस्त्र जनयुद्धमा सांस्कृतिक जिम्मेवारीमा सक्रिय उहाँ परिवर्तनका लागि गरिएका विभिन्न सङ्गठन र अभियानसँगै निरन्तर जोडिँदै आउनुभयो । २०७८ सालमा जनसांस्कृतिक महासङ्घ, नेपालको केन्द्रीय उपाध्यक्ष चुनिनु भएको उहाँ जलजला तारा, युवा स्रष्टा सम्मान, उत्सर्ग सङ्गीत एवार्ड एवम् रेडियो नेपालबाट गायन विधामा सम्मानित भइसक्नु भएको छ ।

## कर्णबहादुर गौतम, प्राज्ञपरिषद् सदस्य



२०३८ साल भाद्र ३ गते बुबा छमबहादुर र आमा गौमतिबाट हालको गल्कोट नगरपालिका-७ बाग्लुङमा जन्मनु भएका कर्णबहादुर गौतम २०५३ सालमा रक्तिम परिवारमा आबद्ध भई प्रगतिशील गीतसङ्गीतमा प्रवेश गर्नुभयो । तत्कालीन नेकपा माओवादी पार्टीले सञ्चालन गरेको सशस्त्र जनयुद्धमा सहभागी उहाँ विभिन्न सांस्कृतिक परिवारमा रहेर जनसङ्गीत क्षेत्रमा सक्रिय रहनुभयो । गीत-सङ्गीतको माध्यमबाट आमूल परिवर्तनका जनचेतना फैलाउने अभियानमा प्रतिबद्ध उहाँका झण्डै डेढ दर्जन गीतिएल्बम प्रकाशित छन् । उहाँका रचनाले सामन्तवाद, सामाजिक रूढिवाद, यथास्थितिवादका विरूद्ध प्रतिरोधी, विद्रोही एवम् क्रान्तिकारी स्वर उराल्दै प्रगतिवादी सांस्कृतिक रूपान्तरणको उद्घोष गर्छन् ।

विभिन्न प्रगतिवादी सांस्कृतिक सङ्गठनहरूमा निरन्तर आबद्ध भई आउनु भएका उहाँ नेपाल सरकारबाट प्रदान गरिने प्रादेशिक प्रतिभा पुरस्कार (२०७५) र कृष्णसेन इच्छुक स्रष्टा सम्मानले सम्मानित पनि हुनुहुन्छ ।

## टीका पुन, प्राज्ञपरिषद् सदस्य



तीन दर्जन बढी चर्चित लोक तथा दोहोरी गीतकी गायिका टीका पुनको जन्म सन् १९८६ जनवरी ५ मा सुर्खेतमा भएको हो । सन् २००९ मा अमर ज्योति माध्यमिक विद्यालय, सुर्खेतबाट उच्च माध्यमिक शिक्षा उत्तीर्ण उहाँले सन् २००३ मा रेडियो नेपालबाट स्वर परीक्षा उत्तीर्ण गर्नुभयो ।

चार वर्ष निरन्तर सङ्गीत प्रशिक्षण लिनु भएको उहाँले बागिना समूह सुर्खेतमा दस वर्ष र सत्यवती कला केन्द्रमा पाँच वर्ष गायिका र प्रस्तोताका रूपमा कार्य गर्नु भएको छ ।

११ वटा राष्ट्रिय स्तरका सङ्गीत एवार्ड विजेता उहाँ ६ वटा विभिन्न सम्मानले सम्मानित भइसक्नु भएको छ । नेपाली मौलिक लोक तथा दोहोरी भाका गायनमा सिद्धहस्त उहाँका गीतमा ग्रामीण जीवनका संवेदना, सामाजिक विकृति विसङ्गतिको अन्त्य गर्दै सामाजिक न्यायको आवाज समेत मुखरित गरिएको पाइन्छ ।

## चेतन सापकोटा, प्राज्ञपरिषद् सदस्य

सन् १९७६ सेप्टेम्बर १९ मा सिन्धुपाल्चोक जिल्लाको बतासेमा जन्मनु भएका प्राज्ञपरिषद् सदस्य चेतनाथ सापकोटा (चेतन) सङ्गीतकारका रूपमा चर्चित हुनुहुन्छ । सङ्गीत विधामा स्नातक उहाँले ६ वटा एकल गीतिसङ्ग्रह सार्वजनिक गर्नु भएको । ७० वटा फिल्म, १५ वटा नेपाली टेली चलचित्र र ४ सय बढी चलचित्र गीतमा सङ्गीत भर्नु भएको उहाँ गायन र गीत लेखनमा पनि उत्तिकै सबल मानिनु हुन्छ ।

५० वटाभन्दा बढी गीत लेख्नु भएको उहाँले उति नै सङ्ख्यामा अडियो म्युजिक जिङ्गल निर्माण र २० वटाभन्दा बढी पर्यटन प्रवर्द्धनका गीतमा सङ्गीत निर्माण गर्नु भएको छ ।



विभिन्न साङ्गीतिक सेमिनार र समारोह आयोजना गरी सङ्गीत क्षेत्रमा सक्रिय उहाँ म्युजिक रोयल्टी कलेक्सन सोसाइटी, नेपाली फिल्म प्रोड्युसर एसोसिएसन, सिने वर्कस् वेल्फेयर फन्ड्, साथीभाइ फिल्म, म्युजिक कम्पोजर एसोसिएसन आदि संस्थामा आबद्ध भई नेपाली सङ्गीत क्षेत्रको विकासका लागि निरन्तर सक्रिय रही आउनु भएको छ ।

थुप्रै नेपाली म्युजिक भिडियोको निर्देशन पनि गर्नु भएको उहाँले केही नेपाली चलचित्र र टेली चलचित्रमा अभिनय समेत गर्नु भएको छ ।

राष्ट्रिय सङ्गीत पुरस्कार-२०७६, प्रबल जनसेवा श्री-चौथो, २०७९ जस्ता थुप्रै राष्ट्रिय स्तरका सम्मान र एवार्ड प्राप्त गरिसक्नु भएको उहाँले अन्य चार वटा देशमा विभिन्न समयमा साङ्गीतिक भ्रमण गर्नु भएको छ ।

## डक्टर राई (डक्टर किरात)
## प्राज्ञपरिषद् सदस्य



२०३२ साल भाद्र १७ गते खोटाङमा जन्मनु भएका डक्टर राई सङ्गीत क्षेत्रमा डक्टर किरातका नामले सुपरिचित हुनुहुन्छ । उहाँ शास्त्रीय सङ्गीत विधामा फराकिलो ज्ञान राख्नुहुन्छ । यस विधामा एक दशक बढी साधना गर्नु भएको उहाँ विभिन्न सङ्गीत विद्यालयहरूमा शिक्षण गर्दै आउनु भएको छ । उहाँद्वारा सङ्गीतबद्ध ९ वटा गीतिएल्बम प्रकाशित भइसकेको छ भने फुटकर चार सय वटा जति गीतहरू बजारमा सुन्न पाइन्छ । उहाँले धेरै स्टेजहरूमा शास्त्रीय सङ्गीतको प्रस्तुतिहरू दिइसक्नु भएको छ, साथै ठुला-ठुला सांस्कृतिक कार्यक्रमहरूमा सङ्गीत संयोजनको भूमिका पनि निभाउनु भएको छ ।

तीन वटा चलचित्रमा पार्श्व सङ्गीत गर्नु भएको उहाँले ६ वटा विभिन्न भाषाका गीतहरूमा पनि सङ्गीत गर्नु भएको छ । उहाँ शास्त्रीय र आधुनिक सङ्गीतको संयोजन गरेर सुमधुर लय सिर्जना गर्न सिद्धहस्त मानिनुहुन्छ ।

## हिसन बहादुर मगर (हिसन समाल)
## प्राज्ञपरिषद् सदस्य



प्राज्ञपरिषद सदस्य हिसन बहादुर मगरको जन्म बुबा नरबहादुर मगर र आमा न्याहुली मगरबाट २०२३ असोज ७ गते उदयपुरको बराह-६ मा भएको हो । ०४२ सालदेखि सङ्गीत क्षेत्रमा पूर्णकालीन रूपमा लाग्नु भएको उहाँ नेपाली समाज परिवर्तनका हरेक आन्दोलनमा समेत सक्रिय रहँदै आउनु भएको छ । यस क्रममा प्रहरी हिरासत र जेल समेत पर्नुभयो ।

सङ्गीतरचनासँगै नाट्य लेखन र निर्देशनमा पनि अभिरूचि राख्ने उहाँका नेपाली भाषामा ११ वटा, मगर भाषामा एक वटा र आदिवासी जनजाति गीतिसङ्ग्रह एक वटा प्रकाशित छन् । त्यसै गरी एउटा गीतिनाटक र एउटा पूर्णाङ्की नाटकको लेखन/निर्देशन पनि गर्नु भएको छ । राष्ट्रियताको मुद्दा, मानव अधिकार तथा मानव समाजमाथि हुने शोषण, दमन र उत्पीडनविरूद्धको आवाजलाई कलामार्फत् मुखरित गर्नु उहाँको मुख्य विशेषता हो ।

## बखत बहादुर हमाल (सुवर्ण), प्राज्ञपरिषद् सदस्य

बुबा दिपबहादुर हमाल र आमा अमृता हमालको कोखबाट २०४२ साल साउन १९ गते महाबु-५ दैलेखमा जन्मनु भएका बखतबहादुर हमाल (सुवर्ण) को मुख्य विधा नृत्य प्रशिक्षण र उद्घोषणका साथै गीत, कविता लेखन पनि हो हो । २०५६ सालदेखि सांस्कृतिक क्षेत्रमा सक्रिय उहाँ तत्कालीन भूमिगत पार्टी नेकपा (माओवादी) सम्बद्ध नौमुले जिल्ला सांस्कृतिक परिवार, भेरी कर्णाली इच्छुक सांस्कृतिक सङ्म हुँदै सामना परिवार केन्द्रीय टोलीको संयोजक भएर कार्य गर्नुभयो । शान्ति प्रक्रियापछि विभिन्न प्रगतिवादी सांस्कृतिक सङ्घ/सङ्गठनको नेतृत्व गर्नु भएको उहाँले अभिनय, लोक तथा आधुनिक



नृत्य विधामा क्रियाशील रहँदै शास्त्रीय नृत्य (कत्थक) विधामा कलानिधि इन्दिरा सङ्गीत महाविद्यालयबाट २०६९ सालमा छैटौं वर्षको डिप्लोमा कोर्ष समेत पूरा गुर्न भएको छ । करिब एक दर्जन प्रगतिशील गीत लेखन, म्युजिक भिडियो, जागरण तथा सचेतनामूलक नाटक, गीतिनाटकमा अभिनय, हजारौं कार्यक्रममा नृत्यकार, नृत्य निर्देशन तथा सयौं कार्यक्रममा उद्घोषणको भूमिकामा देखिनु भएको उहाँले वि.सं. २०७४ देखि २०७९ असारसम्म नेपाल टेलिभिजनमा साङ्गीतिक कार्यक्रम निर्माता एवं प्रस्तोताको रूपमा पनि सेवा गर्नुभयो ।

जनदिशा, उद्बोध लगायतका पत्रपत्रिकामा उहाँका फुटकर लेखरचना पनि प्रकाशित छन् । उहाँ नेपालको प्रगतिशील कला र संस्कृतिको क्षेत्रमा निरन्तर क्रियाशील रहँदै आउनु भएको छ ।

## कमलमणि नेपाल, प्राज्ञसभा सदस्य



२०३४ साल असार ३० गते तत्कालीन बाहुनी गा.वि.स वडा नं. ६ मोरङमा जन्मनु भएका उहाँको मुख्य विधा अभिनय हो । अभिनय विधामा सांस्कृतिक संस्थानमा एक वर्ष र गुरूकुलबाट डिप्लोमा कोर्स पूरा गर्नु भएको उहाँ विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका डेढ दर्जन बढी प्रशिक्षणमा सहभागी भइसक्नु भएको छ ।

सन् १९९९ मा सर्वप्रथम 'अझै केही गर्न बाँकी छ' नाटकबाट शुरू भएको उहाँको अभिनय यात्रा हालसम्ममा दुई दर्जन बढी नाटकसङ्ख्या पूरा गरिसकेको छ । पाँच सय बढी सडक नाटक, चार सय बढी कचहरी नाटकमा काम गर्नु भएका उहाँले 'कथा मिठो सारङ्गीको' लगायत छ वटा राष्ट्रिय स्तरका रेडियो नाटकमा पनि अभिनय गर्नुभयो । रङ्गमञ्चको पार्श्व भाग रहेर ध्वनि, सङ्गीत आदि प्राविधिक कार्य सम्पादन गर्नमा पनि उत्तिकै दक्ष उहाँ आरोहण थिएटर, गुरूकुल, डबली लगायत आधा दर्जन बढी नाटकघरसँग आबद्ध हुनुहन्छ । रङ्गमञ्चसँगै उहाँको अनिभयक्षेत्र सिनेमा र टेलिसिरियल पनि हो ।

## देबकुमार चौधरी, प्राज्ञसभा सदस्य



२०३२ साल बैशाख २८ गते बुबा महावीरप्रसाद चौधरी र आमा मुनादेवी चौधरीबाट हालको शिवसताक्षी नगरपालिका वडा नं. ७, झापामा जन्मनु भएका उहाँको कलाजीवन गाउँघरमा हुने विभिन्न सांस्कृतिक कार्यक्रमबाट शुरू भएको थियो । गायन, नृत्य तथा अभिनय विधामा सक्रिय उहाँले थारू र राजवंशी समुदायको लोकनृत्य, सङ्गीत र फिल्मको क्षेत्रमा पनि महत्त्वपूर्ण कार्य गर्नु भएको छ ।नृत्य, गायन, लेखन, सङ्गीत तथा अभिनय विधामा नेपाल सरकारको युवा तथा खेलकुद मन्त्रालय, रेडियो नेपाल, नेपाल प्रज्ञा-प्रतिष्ठान लगायत दर्जनौँ सङ्घसंस्था र भारत, इजरायल र युएइमा समेत विभिन्न उपाधिले उहाँ सम्मानित हुनु भएको छ । उहाँ कला क्षेत्रमार्फत् समाजसेवामा पनि उत्तिकै सक्रिय हुनुहुन्छ । उहाँकै नेतृत्वमा झापाको कन्काइका घरबारबिहीनलाई राहत वितरण तथा तोपगाछीका बाढीपीडित २० परिवारलाई नयाँ घर निर्माण गरी हस्तान्तरण गर्ने कार्य भएको छ । तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानमा चार वर्ष नृत्य, गायन र नाट्य शाखामा काम गर्नु भएको उहाँ कलासँग सम्बन्धित सङ्घसंस्थामा सक्रिय हुनुहुन्छ ।

## महेश्वर सुनार, प्राज्ञसभा सदस्य



सन् १९७८ जनवरी १७ मा बुबा लालवीर सुनार र आमा कमलादेवी सुनारको कोखबाट पोखरामा जन्मनु भएका उहाँ ख्यातिप्राप्त नृत्यनिर्देशक हुनुहुन्छ । भारतको गुजरात बरोडाबाट भरतनाट्यम्, कत्थक र नेपाली चर्या नृत्यको प्रशिक्षण लिनु भएको उहाँ नेपालमा थाली नाच शुरूवात गर्ने नृत्यकार पनि हो । सन् १९९९ मा भारतमा भएको बुगीवुगी नृत्य प्रतियोगितामा गुजरात प्रदेशको विजेता उहाँले दुई सयभन्दा बढी एवार्ड प्राप्त गर्नु भएको छ । थुप्रै नेपाली चलचित्र र म्युजिक भिडियोमा कोरियोग्राफी एवम् नृत्य निर्देशन गर्नु भएको उहाँ नेपालमा आयोजित 'छमछमी' 'वर्ल्ड डान्स लिग', 'लेट मि डान्स' जस्ता राष्ट्रिय स्तरका रियालिटी शो र प्रदेश, जिल्ला, विद्यालय, महोत्सव आदिमा भएका सय भन्दा बढी नृत्य प्रतियोगिताहरूको निर्णायक रहिसक्नु भएको छ । नेपाल चलचित्र नृत्य सङ्घ, नृत्य खेलकुद सङ्घ, सङ्गीत शीला प्रतिष्ठान, प्रतिभा कला मन्दिर आदि नृत्यविधासँग सम्बन्धित संस्थामा आबद्ध भई नृत्य क्षेत्रको संरक्षण र विस्तारमा महत्त्वपूर्ण कार्य गर्नु भएको उहाँ दक्षिण एसिया स्तरमा हुने खेलकुद उद्घाटन समारोहमा नृत्य प्रस्तुतिसहित नेपालको तर्फबाट प्रतिनिधित्व पनि गर्नु भएको छ ।

## दिलबन्धु यादव (सुरज यादव) प्राज्ञसभा सदस्य



मधेस प्रदेशको धनुषाधाम नगर पालिका वार्ड नं. २ मा जन्मनु भएका दिलबन्धु यादव नाट्य क्षेत्रमा सुरज यादवका नाम परिचित हुनुहुन्छ । सन् २००९ मा रङ्गमञ्च यात्रा शुरू गर्नु भएको उहाँ काठमाडौँमा अवस्थित मण्डला थिएटरको संस्थापकमध्येको एक सदस्य पनि हुनुहुन्छ ।

अभिनयसँगै रङ्गमञ्चको प्राविधिक विधामा समेत दक्ष उहाँले आधा दर्जन बढी नाटकमा काम गरिसक्नु भएको छ । अभिनयमा दुई वर्षे डिप्लोमा कोर्स र क्ल्याप शट इन्टरटेनमेन्ट्स मुम्बइबाट पाँच महिने निर्देशन प्रशिक्षण लिनु भएको उहाँ सन् २०१६ देखि इन्डियन सिनेमा उद्योगमा सहायक प्रशिक्षक र उत्पादन नियन्त्रकको रूपमा समेत काम गरिरहनु भएको छ । उहाँले मैथिली र नेपाली भाषामा लेख्नु भएको २ वटा नाटक प्रदर्शन भइसकेका छन् भने दस वटा जति हिन्दी फिल्म र टिभी सिरिजमा सहायक निर्देशक तथा कलाकारका रूपमा काम गर्नु भएको छ ।

## कला देवी राई, प्राज्ञसभा सदस्य



दुई वटा एकल एल्बम 'कला' र 'अफर' तथा अन्य आठ वटा साङ्गीतिक सङ्ग्रहले नेपाली सङ्गीत क्षेत्रमा स्थापित गायिका कलादेवी राईको जन्म २०३७ वैशाख १ गते भएको हो । सङ्गीत शिक्षा र साधना कला केन्द्रबाट सङ्गीत प्रशिक्षण लिनु भएको उहाँ मुख्यतः लोकआधुनिक गीत गायनमा सुपरिचित हुनुहन्छ । नेपाल र भारतमा गरी दुई दर्जन बढी स्थानमा साङ्गीतिक प्रस्तुति दिइसक्नु भएको उहाँले चार वटा नेपाली चलचित्रमा पार्श्व गायन पनि गर्नु भएको छ ।

उत्कृष्ट लोक गायिका, उत्कृष्ट आधुनिक गीत, ब्राइटर तिम्रो सुर मेरो गीत उपाधि लगायत झण्डै एक दर्जन पुरस्कार र एवार्डले सम्मानित भइसक्नु भएको उहाँ तीन वटा साङ्गीतिक प्रतियोगितामा निर्णायक पनि रहिसक्नु भएको छ । आधुनिक सङ्गीत र पूर्वेली लोक भाकालाई मिश्रण गरी उहाँले गाउनु भएको झण्डै एक दर्जन बढी गीत श्रोतामाझ प्रिय रहेका छन् ।

## विनीतकुमार ठाकुर, प्राज्ञसभा सदस्य



मधेस प्रदेश, धनुषा जिल्लास्थित हाल मिथिला बिहारी नगरपालिका वडा नं ३ मिथिलेश्वर मौवाहीमा २०३२ चैत १४ गते बुबा ब्रह्मदेव ठाकुर र आमा शान्तिदेवीबाट जन्मनु भएका प्राज्ञ विनीतकुमार ठाकुर मैथिली भाषामा नाटक तथा गीत लेख्नुहुन्छ ।

२०६४ सालमा प्रकाशित 'बाँकी अछि हमर दूधक कर्ज' गीतिसङ्ग्रहसँगै उहाँले विभिन्न ११ वटा एल्बममा मैथिली भाषा र भोजपुरी भाषामा गीतलेखन गर्नु भएको छ ।

मैथिली, नेपाली र भोजपुरी भाषामा १५० भन्दा बढी फुटकर गीत रचना गर्नु भएका उहाँका 'मैथिल संस्कृतिमा लोकगीतको महत्त्व' र 'मैथिली र भोजपुरी संस्कार गीतको तुलनात्मक अध्ययन' नामक दुई वटा शोधग्रन्थ पनि प्रकाशित छन् ।

२०४६ सालदेखि २०५२ सालसम्म प्रत्येक वर्ष दशैँ र दिपावलीमा आफ्नो गाउँमा आयोजना हुने चेतनामूलक नाटकमा अभिनय गर्नु भएको उहाँले चेतनामूलक नाटक 'चौँचा के खौँता' लेखन गर्नु भएको छ भने 'सिक्दै सिकाउँदै' रेडियो बाल कार्यक्रमको २०७७ सालमा मैथिली भाषामा अनुवाद पनि गर्नु भएको छ ।

मैथिली फिल्ममा गीत लेखन, मैथिली भाषामा कक्षगत पुस्तक लेखन, शब्दकोश निर्माण जस्ता प्राज्ञिक कार्यमा सहभागी हुँदै आउनु भएका उहाँका मैथिली भाषामा आधा दर्जन जति कृति प्रकाशित छन् ।

## विष्णुकुमार तामाङ (विष्णु मोक्तान) प्राज्ञसभा सदस्य



२०४६ सालमा बुबा पदमबहादुर तामाङ र आमा पदमकुमारी तामाङबाट सङ्खुवासभा जिल्लाको तत्कालीन नुनढाकी गा.वि.स. वडा नं. ६ मा जन्मनु भएका विष्णुकुमार तामाङको मुख्य विधा नाटक हो । २०७० सालमा रङ्गभूमि एकेडेमी धरानको अध्यक्ष बनेर नाट्य क्षेत्रलाई मुख्य कार्यक्षेत्र बनाउनुअघि उहाँ राजनीतिमा समेत सक्रिय हुनुभयो । प्रगतिशील कलाको पक्षपाती उहाँले पाँच वटा नाटक निर्देशन गर्नु भएको छ भने थुप्रै रेडियो तथा खुल्ला नाटकहरूको निर्देशन, निर्माण तथा अभिनय समेत गर्नु भएको छ ।

## सरोजकुमार मादेन, प्राज्ञसभा सदस्य



२०२६ साल मङ्सिर १० गते ताप्लेजुङको फुङलिङमा बुबा प्रसादसिंह मादेन लिम्बु र आमा छतिमाया पालुङ्वाबाट जन्मनु भएको प्राज्ञ सरोजकुमार मादेनको मुख्य विधा लोकगीत गायन हो । २०४५ सालदेखि साङ्गीतिक क्षेत्रमा प्रवेश गर्नु भएको उहाँको २०५१ सालमा पहिलो एल्बम 'तमोर दोभान' सार्वजनिक भयो । नेपाली र लिम्बु भाषामा गीत गाउनु हुने उहाँको अहिलेसम्म झण्डै एक दर्जन एल्बम प्रकाशित भएका छन् । पूर्वका विभिन्न जिल्लासँगै उहाँले हङकङमा पनि आफ्नो प्रस्तुति दिइसक्नु भएको छ । उहाँले २०६३ सालमा लोक प्रतियोगितामा सहभागी भई रेडियो नेपालबाट स्वर परीक्षा समेत उत्तीर्ण गर्नु भएको छ ।

## राधा राई, प्राज्ञसभा सदस्य



सन् २०८४ फेब्रुअरी २ मा खोटाङ जिल्लाको तत्कालीन च्यानडाँडा गा.वि.स. वडा नं. १ सेखुवामा जन्मनु भएकी राधा राई विद्यार्थी जीवनदेखि नै साङ्गीतिक क्षेत्रमा आकर्षित हुनुभयो । सन् २०१० मा सङ्गीत विधामा स्नातकोत्तर उत्तीर्ण राई सन् २००७ मा बीबीसी नेपाली सेवाद्वारा आयोजित नेपाली साङ्गीतिक नवप्रतिभा खोजी कार्यक्रममा 'खोपी राखुँला नि लैलै...' बोलको गीत गाएर प्रथम हुनु भएको थियो । लितेकला क्याम्पस, सांस्कृतिक संस्थान, डोरेमी तथा इलाहावाद सङ्गीत महाविद्यालयबाट सङ्गीतअध्यन र प्रशिक्षणले अनुभवसिद्ध राईका दुई वटा एकल गीतिएल्बम प्रकाशित छन् भने अन्य विभिन्न एल्बमहरूमा उहाँका फुटकर गीत समावेश भएका छन् । उहाँ अहिले गायनसँगै त्रिभूवन विश्वविद्यालयमा सङ्गीत विषयको प्राध्यापन समेत गर्नुहुन्छ ।

## भीषण मुकारूङ राई, प्राज्ञसभा सदस्य



बुबा पुरूषोत्त राई र आमा गंगादेवी राईबाट २०३५ साल असोज १ गते भोजपुर जिल्लाको टेम्केमैयु, अन्नपूर्णमा जन्मनु भएका भीषण मुकारूङ राईले आफूलाई आधुनिक र लोकगीत गायनमा स्थापित गर्नु भएको छ । छ वटा गीतिएल्बम बजारमा ल्याइसक्नु भएको उहाँका धेरै वटा गीत जनजिब्रोमा बस्न सफल छन् । चार वटा म्युजिक एवार्ड प्राप्त गरेर आफूलाई अब्बल साबित गरिसक्नु भएको उहाँ प्रस्तोता समाज नेपालको महासचिव पनि हुनुहुन्छ ।

## पुरू लम्साल, प्राज्ञसभा सदस्य



नुवाकोटको सूर्यगढी-४ मा बुबा बालकृष्ण लम्साल र आमा भवानी लम्सालको कोखबाट २०३९ साल फागुन २६ गते जन्मनु भएका पुरू लम्सालको कार्यविधा साहित्य लेखन, रङ्गमञ्च र चलचित्र हो ।

२०५५ सालमा नुवाकोट प्रर्दशन भएको 'जालीको जाल सोभ्रोको काल' नाटकबाट अभिनय शुरू गर्नुको भएका लम्सालले ३३ वटा नाटकमा लेखन, निर्देशन र अभिनय गर्नु भएको छ । त्यसै गरी उहाँका सात वटा नाटकसङ्ग्रह, दुई वटा साङ्गीतिक एल्बम, एउटा गजलसङ्ग्रह प्रकाशित छ ।

२०७२ सालमा कवि हरिभक्त कटुवालको जीवनीमा आधारित वृत्तचित्र 'अनि हरिभक्त फर्किएनन्' निर्देशन गरेर विशेष चर्चा बटुलेका लम्सालले चार वटा वृत्तचित्र, तीन सय बढी सडकनाटक निर्देशन र तीन दर्जन बढी फुटकर रूपमा गजल तथा गीत रेकर्ड गर्नु भएको छ ।

तीन वटा साहित्यिक पत्रिका सम्पादन गरेर साहित्यिक पत्रकारितामा समेत योगदान पुऱ्याएका लम्साल झण्डै डेढ दर्जन राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्मान र पुरस्कारले सम्मानित भइसक्नु भएको छ ।

## सुरतबहादुर बिष्ट, प्राज्ञसभा सदस्य



प्राज्ञसभा सदस्य सुरतबहादुर बिष्ट दुई दसकअघिबाट नाट्य, नृत्य र गायन विधामा सक्रिय हुनुहुन्छ । २०४६ साल असार १० गते आछाम जिल्ला ढौकु गाउँमा बुबा धनबहादुर चलाउने र आमा मोतिकला चलाउनेको कोखबाट जन्मनु भएका उहाँ २०५७ सालमा डुङ्गला सांस्कृतिक परिवारमा आबद्ध भई कलाक्षेत्रमा प्रवेश गर्नु भएको हो ।

समाज परिवर्तनका लागि गरिएका राजनीतिक/सांस्कृतिक अभियानमा कटिबद्धताका साथ सहभागी हुँदै आउनु भएको उहाँ तत्कालीन भूमिगत पार्टी नेकपा माओवादीसँग सम्बद्ध आधा दर्जन बढी सांस्कृतिक सङ्गठनहरूमा सक्रिय रहनुभयो ।

प्रगतिशील नाटक-नृत्य लेखन/निर्देशन, वाद्यवादन तथा गायन विधामा पोख्त उहाँका नेपाल टेलिभिजनबाट केही टेलिसिरियल प्रशारण भएका छन् भने 'स्वाभिमान' गजलसङ्ग्रह पनि प्रकाशित छ ।

## टीकाराम राई (टीका चाम्लिङ)
## प्राज्ञसभा सदस्य



बुबा रोजबहादुर राई र आमा दिलकुमारी राईबाट २०३० साल माघ ४ गते हालको दिक्तेल-रूपाकोट-मझुवागढी नगरपालिका वडा नं. १३ मा जन्मनु भएका टीकाराम राई सार्वजनिक रूपमा टीका चाम्लिङ नामले परिचित हुनुहुन्छ ।

साहित्य र संस्कृति विषयमा अभिरूचि राख्ने राईको खास विधा भने गीत लेखन हो ।

रेडियो नेपाल, नेपाली प्रतिभा प्रतिष्ठान आदि आधा दर्जन बढी संस्थाबाट पुरस्कृत भइसक्नु भएको उहाँका चार वटा गीतसङ्ग्रह, तीन वटा गीतिअडियो प्रकाशित छन् भने दुई सयभन्दा बढी फुटकर रचनाहरू पुस्तक, पत्रपत्रिका तथा अडियोभिडियोमा सङ्ग्रहित छन् ।

कविता र गीतसँगै लोकसंस्कृतिसम्बन्धी खोज, अनुसन्धान र यात्रासंस्मरण लेखनकार्य तथा विभिन्न साहित्यिक पत्रपत्रिका सम्पादन कार्यमा पनि उहाँ उत्तिकै सक्रिय हुनुहुन्छ ।

## हरिप्रसाद पौडेल, प्राज्ञसभा सदस्य



२००६ साल पुष २३ गते झापा भद्रपुरमा जन्मनु भएका उहाँको मुख्य विधा नृत्य हो । २०२४ सालदेखि २०६६ सालसम्म शिक्षण गर्नु भएको उहाँले २०३९ सालदेखि विद्यालयस्तरमा नृत्यप्रशिक्षण शुरू गर्नुभयो । मुख्यतः उहाँ सन्थाल, धिमाल, मेचे, राजवंशी र किसान समुदायका लोकनृत्यको विज्ञ हुनहुन्छ । यी समुदायका लोकनृत्यमा उहाँले प्रशिक्षित गर्नु भएका विभिन्न विद्यालयका विद्यार्थीले राष्ट्रिय स्तरका थुप्रै पुरस्कार प्राप्त गरेका छन् । लोकनृत्य प्रशिक्षण कलामा विज्ञताकै कारण उहाँले ०४९ सालमा राष्ट्रिय शिक्षा पुरस्कारले सम्मानित उहाँलाई २०५८ सालमा रेडियो नेपालबाट आयोजित 'आँगन' कार्यक्रमको निर्णायक रहेकोमा सम्मानित समेत हुनु भएको छ । अल्पसङ्ख्यक, आदिवासी, जनजाति भाषाभाषीको साहित्य, लोकनृत्य र नाटक क्षेत्रको विकासमा ७५ वर्षको वयोवृद्ध उमेरमा समेत सक्रिय रही आउनु भएको उहाँ बहुभाषिक साहित्य सङ्गीतकला केन्द्र, झापाको अध्यक्ष समेत हुनुहुन्छ ।

## शान्ति कठायत, प्राज्ञसभा सदस्य



सुर्खेत जिल्लाको तत्कालीन लगाम गा.वि.स. वडा नं. ४ मा बुबा कल कठायत र आमा रत्नादेवी कठायतबाट २०४८ साल मङ्सीर ११ गते प्राज्ञ शान्ति कठायतको जन्म भएको हो । २०५९ सालमा तत्कालीन भूमिगत नेकपा (माओवादी)को विद्यार्थी अभियानमा संलग्न भई सांस्कृतिक फाँटमा प्रवेश गर्नु भएको उहाँको विशेष विधा नृत्य र अभिनय हो । प्रगतिवादी विभिन्न सांस्कृतिक सङ्गठनहरूमा आबद्ध भई नृत्याभिनय र नृत्य निर्देशनमा सक्रिय उहाँले पछिल्लो समयमा एक दर्जन बढी म्युजिकभिडियोमा मोडलिङ, प्रगतिशील एवम् देशभक्तिपूर्ण ६ वटा गीत तथा नाटक लेखन/निर्देशन गर्नु भएको छ । कलानिधि इन्दिरा सङ्गीत महाविद्यालयबाट शास्त्रीय नृत्यमा पाँचौँ तहसम्मको अध्ययन गर्नु भएको उहाँ अहिले सेनच्याङ सांस्कृतिक परिवार, जनकलाकार सङ्घमा आबद्ध हुनुहुन्छ । नृत्य निर्देशनका साथै उहाँ अहिले विभिन्न विद्यालय र संस्थामा नाटक, नृत्य र गायन प्रशिक्षकको रूपमा सक्रिय हुनुहुन्छ ।

# कर्मचारी सङ्घद्वारा शुभकामना आदानप्रदान

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानमा नवनियुक्त पदाधिकारी र कर्मचारीबीच मिति २०७९ फागुन १० गते शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान कर्मचारी सङ्घले आयोजना गरेको उक्त कार्यक्रममा नवनियुक्त पदाधिकारी र कर्मचारीहरूले शुभकामना मन्तव्य राख्नु भएको थियो ।

सङ्घका अध्यक्ष हिलारीबन्धु भूजेलको सभापतित्वमा भएको उक्त कार्यक्रममा कुलपति निशा शर्मा पोखरेलले कर्मचारी र सञ्चालक समितिबीच समन्वयकारी भूमिका खेल्ने बताउनुभयो ।

कार्यक्रममा उपकुलपति शम्भू राई, सदस्यसचिव कुश्मा महरा र प्राज्ञसभा सदस्य महेश गोदारले पनि शुभकामना मन्तव्य राख्नु भएको थियो । सङ्घका सचिव नेत्र भूजेलले स्वागत मन्तव्य राख्नु भएको थियो भने कार्यक्रम सञ्चालन सचिव जगदिश सापकोटाले गर्नु भएको थियो । कार्यक्रमका सभापति भूजेलले नवनियुक्त पदाधिकारीहरूलाई शुभकामना दिनु हुँदै कर्मचारीका विभिन्न समस्याप्रति ध्यानाकर्षण समेत गराउनुभयो ।






# १३ औं प्राज्ञ सभा सम्पन्न

काठमाडौं । यस प्रज्ञा-प्रतिष्ठानको १३ औं प्राज्ञ सभा यही मिति २०८० जेठ १८ गते सम्पन्न भयो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री सुशीला सिर्पाली ठकुरीले नेपाल प्रज्ञा-प्रतिष्ठानको सिद्धिचरण सभा कक्षमा समुद्घाटन गर्नु भएको प्राज्ञ सभाको बन्द सत्र नक्सालस्थित आफ्नै सभाकक्षमा सम्पन्न भएको थियो ।

प्रज्ञा-प्रतिष्ठानकी कुलपति निशा शर्मा पोखरेलको सभाध्यक्षमा आयोजित समुद्घाटन समारोहलाई सम्बोधन गर्नु हुँदै राज्यमन्त्री ठकुरीले प्रज्ञा-प्रतिष्ठानको भवन निर्माण गर्नका लागि मन्त्रालयमार्फत् प्रधानमन्त्रीसँग पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो । मन्त्री ठकुरीले प्रज्ञा-प्रतिष्ठानमा हुने नियुक्तिका सन्दर्भमा कतिपयले 'आफ्ना कार्यकर्ता भर्ती गरेको' भनेर आलोचना हुने गरेको भन्दै प्रज्ञा प्रतिष्ठान कुनै फौजी सङ्गठन नभएर प्राज्ञिक थलो भएकोले प्राज्ञिक काममार्फत् जवाफ दिन नवनियुक्त प्राज्ञहरूलाई निर्देशन समेत दिनु भएको थियो । प्राज्ञसभालाई शुभकामना दिनु हुँदै मन्त्री ठकुरीले प्रज्ञा-प्रतिष्ठानले उत्पादनसँग जोडिने योजनाहरू सञ्चालन गरे सरकारले सङ्कल्प गरेको आर्थिक समृद्धि, सुशासन र सामाजिक न्यायको राष्ट्रिय आकाङ्क्षालाई पूरा गर्नमा सघाउ पुग्ने राय व्यक्त गर्नु भएको थियो ।

कार्यक्रमकी सभाध्यक्ष कुलपति शर्माले सरोकारवाला सबैको सल्लाह र सुझावका आधारमा प्रज्ञा प्रतिष्ठानले आफ्नो नीति तथा कार्यक्रमबारे सभामा छलफल गरी अघि बढ्ने बताउनुभयो । कार्यक्रमका विशेष अतिथि भाषा आयोगका अध्यक्ष डा. गोपाल ठाकुरले एउटा भाषा हरायो भने सो भाषासँग सम्बन्धित समाज नै हराउने बताउनु हुँदै प्रज्ञा-प्रतिष्ठानले नेपालका सबै समुदायको भाषा, संस्कृति, गीत सङ्गीतलाई उत्तिकै महत्त्वका साथ संरक्षण र संवर्द्धन गर्ने योजना बनाउनुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय योजना आयोगका सदस्य रामकुमार फुयाँलले नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणले मात्रै देशमा समृद्धि हासिल हुने बताउँदै नेपालको चालु आवधिक योजनामा स्रष्टा तथा प्राज्ञिक वर्गको भूमिका विशेष हुने बताउनुभयो । उहाँले १६ औं आवधिक योजना लेखनको कार्य सुरु भएकाले सुसंस्कृत समाज निर्माणका लागि स्रष्टाहरूले गर्नसक्ने योगदानबारे तीन वटै प्रज्ञा- प्रतिष्ठानले आफ्ना अनुभव र सुझाव साझा गर्न समेत अनुरोध गर्नुभयो ।




नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका उपकुलपति लालकाजी लामाले आफूहरूलाई सरकारले दिएको जिम्मेवारी पुरा गर्न नसक्ने छुट नभएको बताउँदै चुनौतीपूर्ण समयमा एकीकृत भएर अगाडि बढ्नुपर्ने बताउनुभयो ।

प्रज्ञा-प्रतिष्ठानका उपकुलपति शम्भु राईले स्वागत मन्तव्यका क्रममा प्रज्ञा-प्रतिष्ठानले १३ वर्षको अवधिमा प्राप्त गरेका उपलब्धि र अनुभवको चर्चा गर्नु हुँदै सङ्गीत तथा नाट्य विधाको दीर्घकालीन लक्ष्य र उद्देश्यहरू पूरा गर्नका लागि तत्काल एक सुविधा सम्पन्न भवन आवश्यक रहेको बताउनुभयो । उहाँले प्रेक्षालय, रेकर्डिङ स्टुडियो, रङ्गमञ्च, पुस्तकालय, सङ्ग्रहालय, प्रशिक्षण कक्ष सहितको बहुउद्देश्यीय भवनको आवश्यकताबारे राज्यमन्त्रीमार्फत् सरकारको ध्यानाकर्षण गराउनु भएको थियो । समुद्घाटन समारोहमा लुगुम चेलिबेटी आमा समूहले पञ्चेबाजाको धुनले राज्यमन्त्रीको स्वागत गरेको थियो भने प्राज्ञपरिषद् सदस्य चेतन सापकोटा तथा वरिष्ठ गायक ओम श्रेष्ठले देशभक्तिपूर्ण गीत समेत प्रस्तुत गर्नु भएको थियो ।

प्रज्ञा-प्रतिष्ठानकी सदस्य सचिव कुश्मा महराले सहजीकरण गर्नु भएको कार्यक्रममा प्रज्ञा-प्रतिष्ठानका पदाधिकारीहरू, पूर्व पदाधिकारीहरू, वरिष्ठ स्रष्टा कलाकार तथा विभिन्न सङ्घ संस्थाका पदाधिकारीको उपस्थिति रहेको थियो ।

उद्घाटन सत्रपश्चात् आफ्नै कार्यालयको सभा हलमा आयोजित प्राज्ञ सभाको बन्दसत्र विभिन्न निर्णयहरू अनुमोदन गर्दै सम्पन्न भएको सदस्यसचिव कुश्मा महराले बताउनुभयो । उहाँका अनुसार बन्दसत्रमा निर्णयार्थ प्रस्तुत आगामी आ.व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई संसोधन सहित अनुमोदन गर्ने सभाले निर्णय गरेको छ । आ.व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई संसोधन गर्नको लागि उपकुलपति शम्भू राईको संयोजकत्वमा ६ जना प्राज्ञसभा सदस्यहरू सदस्य रहने गरी समिति समेत गठन गरिएको छ । प्राज्ञ सभाले नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार २०७९ बाट पुरस्कृत गरिएका विभिन्न ६ विधाका ६ जना वरिष्ठ स्रष्टाहरूको नामलाई



पनि अनुमोदन गरेको छ । त्यसै गरी प्रज्ञा-प्रतिष्ठानको सेवा आयोगको सदस्यमा प्राज्ञसभा सदस्यहरूमध्येबाट प्राज्ञ महेश गोदारलाई सदस्यमा मनोनित गर्ने निर्णय समेत गरेको छ ।



# नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७९ समर्पण

## सम्माननीय उपराष्ट्रपतिबाट ६ जना वरिष्ठ स्रष्टा पुरस्कृत




काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानले 'नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७९' सङ्गीत तथा नाट्य विधाका ६ जना वरिष्ठ स्रष्टाहरूलाई समर्पण गरेको छ । यही मिति २०८० साल असार १२ गते मङ्गलबार लैनचौरस्थित उपराष्ट्रपति कार्यालयमा आयोजित विशेष समारोहमा सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवले उक्त पुरस्कार स्रष्टाहरूलाई समर्पण गर्नु भएको थियो ।

प्रज्ञा-प्रतिष्ठानले सालिन्दा प्रदान गर्दै आएको यस राष्ट्रिय प्रज्ञा पुरस्कारबाट यस वर्ष लोक सङ्गीत विधामा वरिष्ठ लोक गायक नविन किशोर राई, सङ्गीत विधामा वरिष्ठ गायक, सङ्गीतकार तथा गीतकार गणेश रसिक, परम्परागत तथा शास्त्रीय सङ्गीत विधामा वरिष्ठ सङ्गीतज्ञ विजयकुमार श्रेष्ठ, रङ्गमञ्च विधामा वरिष्ठ रङ्गकर्मी भैरव क्षेत्री, नृत्य विधामा वरिष्ठ नृत्य निर्देशक कुलमान नेपाली र नाट्य विधामा वरिष्ठ नाट्य अनुसन्धाता प्रा.डा. रामचन्द्र पोखरेल सम्मानित हुनुभयो । पुरस्कृत स्रष्टाहरूलाई उपराष्ट्रपति यादवले ताम्रपत्र र जनही एक लाख एक रूपैयाँ राशीसहित दोसल्ला ओढाएर सम्मान गर्नु भएको थियो ।



पुरस्कृत स्रष्टाहरूलाई बधाई तथा शुभकामना दिनु हुँदै उपराष्ट्रपति यादवले वर्षौँदेखि सङ्गीत तथा नाट्य क्षेत्रमा सक्रिय वरिष्ठ स्रष्टाहरूको योगदानलाई प्रज्ञा-प्रतिष्ठानले कदर गरेकोमा खुशी व्यक्त गर्नुभयो । सम्बोधनका क्रममा उपराष्ट्रपति यादवले प्रज्ञा-प्रतिष्ठानले संवैधानिक व्यवस्था अनुसार आफूलाई थप परिमार्जित, परिस्कृत र फराकिलो बनाउँदै नेपालका सबै भूगोल, भूभाग, क्षेत्र र भाषागत समूहका सांस्कृतिक पहिचानका रूपमा रहेका गीत, सङ्गीत, नृत्य, नाट्यका विविध विधालाई थप समृद्ध र उन्नत बनाउनुपर्नेमा जोड दिनुभयो ।



प्राचीन, रैथाने, लोक, परम्परागत, शास्त्रीय विधामा विशिष्टता हासिल गरेका विशिष्ट साधक, प्रतिभा र स्रष्टाहरूको सम्मानले राष्ट्रको गरिमालाई बढाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्दै उहाँले भन्नुभयो, "यस्ता सम्मानले प्रतिभाहरूलाई सिर्जनाको क्षेत्रमा कर्मशील र क्रियाशील हुने प्रेरणा प्रदान गर्दछ। अग्रज स्रष्टाहरूको सम्मान गर्नु सम्पूर्ण संस्कृति र सिर्जनालाई सम्मान गर्नु हो । यस्तो सम्मान गर्ने परिपाटीले विश्वमा राष्ट्रको सभ्यताको परिचय दिन्छ।"

पुरस्कार समर्पण समारोहका अध्यक्ष प्रज्ञा-प्रतिष्ठानका कुलपति निशा शर्मा पोखरेलले कला र कलाकार छुट्ट्याउनै नमिल्ने नङ र मासुजस्तै भएकाले हाम्रो नाभीसँग जोडिने कलाका सर्जक, संरक्षक, संबर्द्धक तथा प्रवर्धक स्रष्टाहरूको योगदानलाई कदर गर्न आवश्यक रहेको बताउनुभयो। स्थिर तत्त्व कलालाई स्रष्टा-कलाकारहरूको प्रतिभा, साधना, सिर्जना र थप आविष्कारले चलायमान र गतिशील हुने धारणा राख्नु हुँदै २०७१ सालबाट प्रज्ञा-प्रतिष्ठाने वरिष्ठ स्रष्टाहरूलाई पुरस्कृत गर्ने परम्परा थालनी गरेको पनि उहाँले स्पष्ट पार्नुभयो ।

पुरस्कृत वरिष्ठ स्रष्टा गणेश रसिकले प्रज्ञा-प्रतिष्ठानमा आफू सदस्यसचिव भएको बेला स्थापना भएको पुरस्कारबाट आफैँ सम्मानित हुनु संयोग मात्र रहेको चर्चा गर्नुभयो। पाँच दशक सङ्गीत र साहित्य क्षेत्रमा सङ्घर्ष गरेको स्मरण गराउनु हुँदै उहाँले प्रज्ञा-प्रतिष्ठानलाई आफ्नै भौतिक पूर्वाधार निर्माण, कर्मचारीको वृत्तिविकासदेखि सङ्गीत तथा नाट्य क्षेत्रमा दीर्घ योगदान पुऱ्याएका स्रष्टाहरूको जीवनवृत्तिबारे गर्नुपर्ने थुप्रै काम थाँती रहेकोले त्यसतर्फ अग्रसर हुन सुझाव समेत दिनु भएको



थियो । उहाँले प्रज्ञा-प्रतिष्ठानको ऐनले सङ्गीत तथा नाट्य क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका स्रष्टाहरूलाई आजीवन सदस्य बनाउने प्रावधान सुश्चित गरेको उल्लेख गर्नु हुँदै त्यस प्रावधानलाई व्यवहारमा कार्यान्वयन गरेर गए स्रष्टाहरूलाई



राज्यबाट सम्मान र आर्थिक सहयोग दुवै पुग्ने जोड दिनुभयो ।

समरोहमा प्रज्ञा-प्रतिष्ठानका कुलपति शम्भू राईले स्वागत मन्तव्य राख्ने क्रममा कला र कलाकारको सम्मान हुने ठाउँमा सुन्दर सभ्यताको निर्माण हुने दाबी गर्नु हुँदै वरिष्ठ स्रष्टाहरू पुरस्कृत हुनुलाई आफूले उत्सवको रूपमा लिएको र प्रज्ञा-प्रतिष्ठान स्वयम् पुरस्कृत भएको महसुस भएको बताउनु भएको थियो ।

प्रज्ञा-प्रतिष्ठानकी सदस्य सचिव कुश्मा महराले सहजीकरण गर्नभएको समारोहमा सम्मानित स्रष्टाको ताम्रपत्र पढेर सुनाइएको थियो । प्राज्ञ टीका पुनले लोक सङ्गीत विधाबाट पुरस्कृत नविन किशोर राई, प्राज्ञ बखतबहादुर हमालले नृत्य विधाबाट पुरस्कृत कुलमान नेपाली, प्राज्ञ कर्ण गौतमले सङ्गीत विधाबाट पुरस्कृत गणेश रसिक, प्राज्ञ चेतन सापकोटाले रङ्गमञ्च विधाबाट पुरस्कृत भैरव क्षेत्री, प्राज्ञ डक्टर किरातले परम्परागत तथा शास्त्रीय सङ्गीत विधाबाट पुरस्कृत विजयकुमार श्रेष्ठ तथा प्राज्ञ हिसनबहादुर मगरले नाटक विधाबाट पुरस्कृत प्रा.डा. रामचन्द्र पोखरेललाई प्रदान गरिएको ताम्रपत्र पढेर सुनाउनुभयो ।

नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राई, नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छाली, भाषा आयोगका अध्यक्ष गोपाल ठाकुरको विशेष आतिथ्यता रहेको कार्यक्रममा सङ्गीत तथा नाटक विधाका वरिष्ठ स्रष्टा, साधक तथा कलाकारहरूको उल्लेख्य उपस्थिति थियो ।



# नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार
## लोकसङ्गीत विधामा सम्मानित स्रष्टा



नविनकिशोर राई
**वरिष्ठ लोकगायक**

वरिष्ठ लोकगायक नविनकिशोर राईको जन्म १९९९ साल जेठ १८ गते धनकुटा जिल्लाको चुङबाङमा बुबा नरबहादुर कुथुमी राई र आमा शोभादेवी कुथुमी राईको कोखबाट भएको हो । युथ कलेज क्षेत्रपाटी काठमाडौँबाट प्रवीणता प्रमणपत्र तह उत्तीर्ण उहाँले २०१२ सालमा नेपाल नृत्य सङ्घ स्थापना गरी लोकगीत र नृत्यको प्रचारप्रसारमा लाग्नुभयो । वि.सं. २०२८ देखि २०३६ सालसम्म रत्न रेकर्डिङ संस्थानमा उहाँका ४५ वटा र रेडियो नेपालमा पनि उति नै सङ्ख्यामा लोकगीत रेकर्ड भएका छन् ।

बीसको दशकमा गठन भएको 'लेकाली परिवार' नामक सांस्कृतिक समूहको संस्थापकमध्ये एक उहाँले लोकगीत गायनसँगै लोकभाका सङ्कलन कार्यमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याउनु भएको छ ।

लोकगीत र नृत्य सङ्कलन कार्यमा नेपालको पूर्व मेचीदेखि पश्चिम महाकाली क्षेत्रसम्म पुनु भएको उहाँले हल्याण्ड र फ्रान्समा भएका अन्तर्राष्ट्रिय लोकनृत्य समारोहमा नेपालको तर्फबाट प्रतिनिधित्व समेत गर्नु भएको छ ।

राष्ट्रिय नाचघर र सेन्ट मेरिज कलेजमा सङ्गीतप्रशिक्षण समेत गर्नु भएको उहाँले २०२८ सालमा मञ्चन गरिएको 'राम भरत मीलन' गीतिनाटकमा सहभागी कलाकारका रूपमा राजा महेन्द्रबाट प्रशंसा पत्र, राजा वीरेन्द्रको राज्याभिषेकमा पदक प्राप्त गर्नु भएको थियो ।

# नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार
## सङ्गीत विधामा सम्मानित स्रष्टा



गणेश रसिक
**वरिष्ठ स्रष्टा**

वरिष्ठ स्रष्टा गणेश रसिकको जन्म २००४ सालमा बुबा नरोत्तम राई र आमा रत्नमाया राईको कोखबाट भोजपुर जिल्ला हालको टेम्केमैयुम गाउँपालिका-२, छिनामखु, नौलागाउँमा भएको हो ।

सानै उमेरदेखि साहित्य र सङ्गीत अनुरागी उहाँ उच्च शिक्षा अध्ययनका लागि बिसको दशकमा काठमाडौँ प्रवेश गरेपछि 'राल्फाली' सांस्कृतिक समूहमा केही समय आबद्ध हुनुभयो । त्यसपछि 'लेकाली परिवार' नामको सांस्कृतिक समूह स्थापना गरी सङ्गीत र साहित्य सृजना यात्रालाई सँगसँगै अगाडि बढाउनुभयो । यो सांस्कृतिक समूह ठेट भाकाका लोकगीत, आधुनिक गीत र देशभक्तिपूर्ण भावले भिजेका राष्ट्रिय गीतका कारण नेपाली जनमानसमा चाँडै नै स्थापित भयो ।

गायन, सङ्गीत र गीत लेखन; तीनै विधाका त्रिवेणी प्रतिभा रसिक २०२८ सालमा रेडियो नेपालबाट आयोजित राष्ट्रिय गीत प्रतियोगितामा उत्कृष्ट गीतकार पुरस्कारले पुरस्कृत हुनुभएको थियो । यसअघि २०२४ सालमा 'क्षितिजलाई छुन खोज्दा' र २०२७ सालमा 'एउटा सारङ्गी छुन खोज्दा' दुई कथासङ्ग्रह प्रकाशन गरेर उहाँको नाम साहित्य क्षेत्रमा फराकिलो रूपमा स्थापित भइसकेको थियो ।

सङ्गीत र साहित्य दुवै कलात्मक विधामा समानान्तर साधना गरेर आफूलाई अब्बल साबित गरिसक्नु भएका स्रष्टा रसिकका नौ वटा साहित्यिक कृति प्रकाशित छन् भने उहाँका दर्जनौँ सिर्जनाहरू लेकाली समूहका नाममा रेडियो नेपाल र रत्न रेकर्डिङ संस्थानमा रेकर्डेड छन् ।

त्यसै गरी तीन वटा अडियो क्यासेट 'मेरो अतीत', 'अन्तराल भाग १-२' र एउटा सि.डी. 'ओ ! शून्यता'मा समावेश उहाँका प्रचुर संवेदनायुक्त सिर्जना श्रोतामाझ सदा लोकप्रिय छन् ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानमा २०७१ देखि ०७५ सम्म सदस्यसचिव तथा रत्न रेकर्डिङ संस्थान, सांस्कृतिक संस्थान र साझा प्रकाशनको पनि विभिन्न तहगत जिम्मेवारी निर्वाह गर्नु भएको उहाँ नेपाल सरकारबाट आधा दर्जन मानपदवी र अन्य दुई दर्जन बढी राष्ट्रिय पुरस्कार र सम्मानद्वारा समानित हुनुहुन्छ ।

# नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार

## शास्त्रीय सङ्गीत विधामा सम्मानित स्रष्टा



**विजयकुमार श्रेष्ठ**
**वरिष्ठ शास्त्रीय सङ्गीत साधक**

वि.सं. २००८ साल पौष १५ गते सिरहा नगर पालिका वडा नं. ४ मा जन्मनु भएका वरिष्ठ शास्त्रीय सङ्गीत साधक श्री विजयकुमार श्रेष्ठले चार वर्षको उमेरमै बुबा गोरप्रसाद श्रेष्ठबाट सङ्गीतको प्रारम्भिक ज्ञान पाउनु भएको थियो । बाल्यकालदेखि नै गायककार रूपमा गाउँ र जिल्लामा चर्चा कमाउनु भएको श्रेष्ठले औपचारिक रूपमा नेपाल सङ्गीत महाविद्यालयमा सङ्गीत शिक्षा हासिल गरी २०२५ सालमा राष्ट्रिय नाचघरमा भएको साङ्गीतिक कार्यक्रमका लागि छनोट हुनुभयो ।

सन् १९७६ मा भारतको लखनउ गई भातखण्डे सङ्गीत विद्यापिठमा सङ्गीत विधामा थप विधिवत् शिक्षा लिएपछि अखिल भारतीय सङ्गीत सम्मेलनमा दस वर्षसम्म र भातखण्डे जयन्तीको उपलक्ष्यमा हुने सम्मेलनमा आठ वर्षसम्म निरन्तर सहभागी हुने अवसर पाउनुभयो । भारतका प्रख्यात शास्त्रीय सङ्गीत घरानाका गुरुहरू श्री धर्मपाल बडपग्गा, पण्डित श्री गणेशप्रसाद मिश्र तथा उस्ताद श्री गुलाम मुस्ताफाबाट सङ्गीत शिक्षा ग्रहण गर्नु भएको उहाँले भारतको दिल्ली, आगरा, बम्बई, लखनउ, गुहाटी तथा बम्बई र नेपालमा भएका शास्त्रीय सङ्गीत महोत्सवहरूमा गायन प्रस्तुतिमा उत्कृष्ट ठहरिनु भएको छ ।

रेडियो नेपाल र नेपाल टेलिभिजनमा विशिष्ट श्रेणीको कलाकारको रूपमा विगत् १५ वर्षदेखि नियमित रूपमा गाउँदै आउनु भएको उहाँ नेपाल सरकारको शिक्षा मन्त्रालयअन्तर्गत पाठ्यक्रम पाठ्य-पुस्तक तथा निरीक्षण विकास केन्द्र सानो ठिमीमा २०४४ सालदेखि ०४९ सालसम्म सङ्गीत विशेषज्ञको रूपमा नियुक्त भई देशका विभिन्न जिल्लामा गई विद्यालयस्तरीय सङ्गीत शिक्षकको तालिम सञ्चालन गर्नुभयो । २०४५ सालमा सरस्वती सङ्गीत प्रशिक्षण केन्द्र स्थापना गरी ख्यातिप्राप्त शिष्यहरू उत्पादन गर्दै आउनु भएको उहाँ हाल श्री पद्मकन्या बहुमुखी क्याम्पसमा सङ्गीत गुरू र नेपाल टेलिभिजनबाट प्रस्तुत हुने पुष्पवाटिका कार्यक्रमको संयोजकको रूपमा समेत कार्यरत हुनुहुन्छ ।

# नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार

## नृत्य विधामा सम्मानित स्रष्टा



**कुलमान नेपाली**
**वरिष्ठ नृत्यनिर्देशक**

विगत चार दशकदेखि नृत्य क्षेत्रमा क्रियाशील वरिष्ठ नृत्यनिर्देशक कुलमान नेपालीको जन्म २०२२ साल असार २६ गते सुर्खेतमा भएको हो ।

शिक्षा मन्त्रालयअन्तर्गत् पाठ्यक्रम विकास केन्द्रले सालिन्दा आयोजना गर्ने राष्ट्रव्यापी लोकनृत्य प्रतियोगितामा उहाँले निर्देशन गर्नु भएका लोकनृत्यले ११ पटकभन्दा बढी प्रथम स्थान हासिल गरेको छ । यसै गरी संस्कृति मन्त्रालय, नेपाली सेना, नेपाल स्काउट, साधना कला केन्द्र लगायतका विभिन्न सङ्घसंस्थाद्वारा आयोजित राष्ट्रिय प्रतियोगिताहरूमा पनि उहाँले निर्देशन गर्नु भएका लोकनृत्यहरू सर्वोत्कृष्ट भएका छन् ।

मगर झ्याउरे, सिंगारू लगायत थुप्रै भाषाभाषी, समुदाय र क्षेत्रीय नृत्यहरूको प्रशिक्षण दिँदै आउनु भएका उहाँले नृत्य विधालाई विशुद्ध मनोरञ्जनको रूपमा मात्र नलिएर

समाज रूपान्तरणको अभियानसँगै पनि जोड्दै आउनु भएको छ । राष्ट्रिय जनसांस्कृतिक मञ्च नेपालमा आबद्ध भई जनसङ्गीत र नृत्यमार्फत् 'आफ्नो गाउँ आफैँ बनाऊँ' अभियानमा सक्रिय रहनु भएको उहाँ जनयुद्धकालमा पनि विभिन्न स्थानमा नृत्य प्रशिक्षणहरू सञ्चालन गर्नुभयो । उहाँसँग देशविदेशदेखि श्रवण क्षमता नभएका र दृष्टिविहीन आदि फरक क्षमताका व्यक्तिहरूलाई समेत नृत्य सिकाएको अनुभव छ । नृत्यनिर्देशनसँगै रङ्गमञ्चीय कार्यक्रमहरूमा निरन्तर नृत्य प्रर्दशन गर्दै आउनु भएको उहाँले पछिल्लो चरणमा केही चलचित्रहरूमा पनि नृत्य निर्देशन गर्न भएको छ । 'ढुङ्गाजस्तो माया', 'सनाईं रोइरहेछ', 'बन्धकी', 'बाटुली' र 'गोर्खापल्टन' उहाँले नृत्य निर्देशन गर्नु भएका चलचित्र हुन् ।

## नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार
## रङ्गमञ्च विधामा सम्मानित स्रष्टा

सन् १९६० मार्च ०६ तारिखमा विराटनगर-७, मोरङमा जन्मनु भएका वरिष्ठ रङ्कर्मी भैरव क्षेत्री चार दशकदेखि नेपाली रङ्गमञ्चमा सक्रिय हुनुहुन्छ ।



भैरव क्षेत्री
वरिष्ठ रङ्कर्मी

सन् १९८२ मा आरोहण थिएटर स्थापना गर्नु भएको उहाँको अभिनय यात्रा सन् १९७५ मा 'सिकन्दर र फकिर' नाटकमा अभिनयमार्फत् शुरू भएको थियो । 'सेतो गुलाफ' (सन् १९८३), 'आक्रोश' (सन् १९८४), 'एक रात' (सन् १९८७), कफ्र्यु (सन् २००५) नाटकसँगै उहाँले दुई सयभन्दा बढी सडक नाटक र कचहरी नाटकहरूमा अभिनय गर्नु भएको छ ।

अभिनयसँगै नाटक निर्देशन र लेखनमा पनि सक्रिय उहाँले दस वटाभन्दा बढी नाटक र पन्ध्र वटा बढी सडक नाटक निर्देशन गर्नु भएको छ भने तीन वटा रङ्गमञ्चीय नाटक र चार वटा सडक नाटकको लेखन गर्नु भएको छ । तीसभन्दा बढी नाट्य कार्यशालामा नाट्यप्रशिक्षण समेत सञ्चालन गर्नु भएको उहाँ सन् २००६ देखि हालसम्म आरोहण गुरूकुल थिएटर विराटनगरको सभापतिका रूपमा सक्रिय हुनुहुन्छ । रङ्गमञ्चसँगै खेलकुद, जेसिज, लागुपदार्थ दुर्व्यशन रोकथाम, क्षयरोग रोकथाम आदि सामाजिक सचेतनामूलक सङ्घसंस्थाहरूमा आबद्ध भएर समाजसेवामा समेत निरन्तर योगदान गरिरहनु भएको छ ।

## नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार
## नाट्य विधामा सम्मानित स्रष्टा

२०२२ साल भदौ १९ गते कास्की जिल्लामा जन्मनु भएका वरिष्ठ नाट्य अनुसन्धाता एवम् समालोचक प्रा.डा. रामचन्द्र पोखरेलका नाट्य विधामा सात वटा अनुसन्धानात्मक कृति प्रकाशित भएका छन् । नेपाली विषयमा विद्यावारिधि गर्नु भएका उहाँका प्रकाशित अनुसन्धानात्मक कृतिहरूमा 'नेपाली नाटक सिद्धान्त र समीक्षा' (२०६२), 'ऐतिहासिक नाटक र नाटककार बालकृष्ण सम' (२०६५), 'रङ्गमञ्च' (२०६८), 'रिमालको नाट्यचेतना' (२०६८), 'पवल चामलिङ व्यक्ति र कृति' (२०७०) लगायत रहेका छन् । २०४९ सालदेखि हालसम्म स्नातकोत्तर तह पहिलो र दोस्रो वर्षमा आधुनिक नेपाली नाटक तथा नाटककार बालकृष्ण सम र उनका नाट्यकृति विषयमा प्राध्यापन गर्दै आउनु भएको उहाँका नेपाली रङ्गमञ्च र नाट्य विधाबारे दुई दर्जन बढी अनुन्धानात्मक आलेख तथा नाट्य र साहित्यका अन्य विधाउपर तीन दर्जनबढी साधारण लेख स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नल एवम् पत्रपत्रिकामा प्रकाशित छन् ।



प्रा.डा. रामचन्द्र पोखरेल
वरिष्ठ नाट्य अनुसन्धाता

विभिन्न समयमा अनुसन्धानात्मक प्रत्रिका 'दृष्टिकोण', 'अवलोकन', 'प्राज्ञमञ्च', 'रङ्गमञ्च' र 'पोखरा दर्पण'को प्रकाशन तथा सम्पादन कार्य समेत गर्नु भएको उहाँ २०७८ सालमा पोखरामा स्थापित नेपाल नाट्यप्रतिष्ठानको संस्थापक अध्यक्ष हुनुहुन्छ । नेपाली भाषा, व्याकरण र जीवनीलेखनमा पनि उत्तिकै सक्रिय उहाँ समालोचना, अनुसन्धान र लेखनमार्फत नेपाली नाट्य विधाको विकासमा निरन्तर सक्रिय हुनुहुन्छ ।




# ८५ औँ अम्बर जयन्ती मनाइयो

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानले सङ्गीतज्ञ अम्बर गुरूङको ८५ औँ जन्मजयन्ती मनाएको छ । यही फागुन १४ गते आइतबार प्रतिष्ठानको सभाहलमा प्रतिष्ठानको संस्थापक कुलपति एवम् राष्ट्रगानका रचनाकार समेत रहेका वरिष्ठ सङ्गीतज्ञ गुरूङको तश्विरमा माल्यार्पण गर्दै उहाँको योगदानबारे परिचर्चा समेत गरियो ।

सङ्गीतज्ञ गुरूङबारे नेपाल प्रज्ञा-प्रतिष्ठानका नवनियुक्त कुलपति भूपाल राई, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका कुलपति निशा शर्मा पोखरेल, उपकुलपति शम्भू राई, प्राज्ञ डक्टर किरात लगायतले चर्चा गर्नु भएको थियो । कार्यक्रमका विशेष अतिथि कुलपति राईले गीत, सङ्गीत र गायनका त्रिवेणी अम्बर गुरूङ नेपाली आधुनिक सङ्गीतका एक महारथि भएको चर्चा गर्नुभयो । समकालीन नेपाली सङ्गीतमा स्थापित प्रायः सङ्गीतकर्मीहरू गुरूङबाटै दीक्षित रहेको र आफूले पनि गीतकारको हैशियतमा पचासको दसकदेखि गुरुङको सान्निध्यता पाएको स्मरण गर्नु हुँदै कुलपति राईले आगामी दिनमा नेपाल प्रज्ञा-प्रतिष्ठानले समेत उहाँको जन्मजयन्ती भव्य रूपमा मनाउने योजना रहेको बताउनुभयो ।



कार्यक्रमका अध्यक्ष कुलपति निशा शर्मा पोखरेलले अहिलेका नयाँ पुस्ताले पनि उत्तिकै रूचाएका अम्बर गुरूङ कहिल्यै नअस्ताउने तारा भएको बताउनुभयो । विगतका वर्षदेखि मनाउँदै आएको अम्बर गुरूङ जन्मजयन्ती मनाउने परम्परालाई प्रज्ञा-प्रतिष्ठानले आगामी दिनमा पनि निरन्तरता दिने प्रतिबद्धता जनाउनुभयो । त्यसै गरी उपकुलपति शम्भू राईले अम्बर गुरूङ पूर्वीय र पाश्चात्य सङ्गीतको एक सिद्धहस्त साधक भएको भन्दै उहाँले नै नेपाली सङ्गीतमा पहिलो पटक पाश्चात्य सङ्गीतको 'क्वायर'को प्रयोग गरेको बताउनुभयो । परम्परागत तथा शास्त्रीय सङ्गीत विभाग प्रमुख प्राज्ञ डक्टर किरातले नेपाली सङ्गीतलाई अन्तर्राष्ट्रिय स्तरमा स्थापति गर्न सबल सङ्गीतज्ञ गुरूङलाई आफूले रसिक श्रष्टाको रूपमा समेत पाएको स्मरण गर्नुभयो ।

कार्यक्रममा अम्बर गुरूङको दुई वटा सिर्जना समेत प्रस्तुत गरिएको थियो । प्राज्ञसभासदस्य राधा राईले गुरूङको रचना तथा सङ्गीत र शान्ति ठटालले गाउनु भएको 'सम्हालेर राख...' र प्राज्ञसभासदस्य कला राईले हरिभक्त कटुवालको रचना, नारायण गोपालको स्वर र गुरूङको सङ्गीत रहेको 'पोखिएर घामको झुल्का...' गीत प्रस्तुत गर्नु भएको थियो । सदस्य सचिव कृष्मा महरा, नेपाल प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव डा. धनप्रसाद सुवेदी, प्राज्ञपरिषद् सदस्यहरू, प्राज्ञसभा सदस्य र कर्मचारीहरूको उपस्थिति रहेको कार्यक्रममा सङ्गीतविभाग प्रमुख प्राज्ञ कर्णबहादुर गौतमले स्वागत मन्तव्य राख्नु भएको थियो ।

# ६२ औँ विश्व रङ्गमञ्च दिवस



काठमाडौँ । यही मिति २०७९ चैत १३ गते ६२ औँ विश्व रङ्गमञ्च दिवसको अवसरमा यस प्रज्ञा-प्रतिष्ठान तथा माला आर्टस् एकेडेमीको संयुक्त आयोजनामा प्रज्ञा-प्रतिष्ठानको प्राङ्गणमा विश्व रङ्गमञ्च दिवस मनाइयो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा वरिष्ठ नाटककार अभि सुवेदीले विश्व रङ्गमञ्च सन्देशका रूपमा अन्तर्राष्ट्रिय रङ्गमञ्च संस्थाले छनौट गरेको इजिप्टकी प्रख्यात अभिनेत्री समिहा अयुवद्वारा लिखित सन्देशको नेपाली अनुवाद वाचन गर्न भएको थियो । उक्त सन्देश डा. शिव रिजालले नेपालीमा अनुवाद गर्नभएको थियो । कार्यक्रममा वरिष्ठ रङ्कर्मी सुनिल पोखरेलले ६२ औँ रङ्गमञ्च सन्देशका लेखक समिहा अयुवका बारेमा जानकारी गराउनु भएको थियो ।

रङ्गमञ्च दिवसको शुभकामना व्यक्त गर्न हुँदै मन्त्री किरातीले कला मानव समाजमा मनोरञ्जनका लागि मात्र नभई मानव जीवन र समाज रूपान्तरणका लागि बनेको बताउनुभयो । नेपाली मौलिक हरिसिद्धि नाच, जल प्याखः जस्ता अमूर्त सम्पदा तथा डबली परम्परालाई प्रबर्द्धन गर्न सके नेपालले धेरै पर्यटकहरूलाई आकर्षित गरी आयआर्जन गर्न सकिने बताउनुभयो । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान लगायत नाट्य विधासँग सम्बिन्धित संस्थाहरूलाई नेपाली संस्कृति र प्रकृति झल्किने सिर्जनाहरू गरी विदेशी भूमिमा प्रस्तुत गर्ने योजना बनाउन सुझाउँदै गणतान्त्रिक व्यवस्थामा भएकाले घरभन्दा पहिला विचार निर्माण गर्नपर्ने बताउनुभयो । उहाँले 'देश जहाँ छोयो त्यहीँ फाटेको छ, बनाउन सजिलो छैन । १० वर्ष सांसद् भएर जति बुझेका थिएँ, बुझेजस्तो लाग्थ्यो, मन्त्री भएर कुर्सीमा आएर जे देखेँ, जे देख्दैछु, देश अर्कै रहेछ । म बस्ने कुर्सी आगोको कुर्सी हो, मैले कुदाउने घोडा बाघको घोडा हो, हात्तीको होइन । हामी युगको परीक्षा दिँदैछौँ । व्यक्तिको होइन । हामी फेल भयौँ भने युग फेल हुन्छ ।' भन्नुभयो ।

कुलपति निशा शर्मा पोखरेलले आगामी कार्यक्रम तथा योजनाहरूका बारेमा बताउँदै मौलिक कलाको संवर्द्धन र प्रवर्द्धनका निम्ति हरेक पालिकामा रहेका मौलिक कला तथा सोसँग सम्बिन्धित व्यक्तिहरूसँगको अन्तर्वार्ता आर्काइभका रूपमा राख्नुपर्नेमा जोड दिनुभयो । आफूहरूसँग सङ्गीत तथा नाटकलाई गतिशील बनाउने थुप्रै योजनाहरू भए पनि बजेटको अभाव रहेको बताउनुभयो ।



उपकुलपति शम्भु राईले स्वागत मन्तव्य दिनु हुँदै प्रज्ञा-प्रतिष्ठानसँग जग्गा उपलब्ध भए पनि कार्यक्रम गर्ने हलको अभावमा पाल टाँगेर कार्यक्रम गर्नुपर्ने बाध्यता रहेको बताउनुभयो ।

कार्यक्रममा वरिष्ठ अभिनेता सरोज खनालले शुभकामना मन्तव्य व्यक्त गर्नु हुँदै आफूसँग रङ्कर्मको ३६

वर्षको अनुभव रहेको र रङ्गमञ्चलाई प्रवर्द्धन गर्नका निम्ति माला आर्टस् एकेडेमीमार्फत् विविध गतिविधिहरू गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा डा. शिव रिजालले विश्व रङ्गमञ्च र नेपालको उल्लेखनीय भूमिका विषयमा आनो भनाइ राख्दै नेपालमा रङ्गकर्मीहरूले विभिन्न नाट्य संस्थामार्फत् गतिविधिलाई गतिशील बनाइरहेको अवस्थामा नाट्यकर्मी तथा रङ्गकर्मीहरूले यस क्षेत्रबाट जीविकोपार्जन भएकाले उनीहरूलाई श्रमिकका रूपमा बुझ्न ढिला गर्न नहुने बताउनुभयो ।

त्यस्तै आफ्नो भनाइ राख्दै रङ्गकर्मी आकांक्षा कार्कीले नाटक सामूहिक प्रयास भएकाले सबैले आनो अपनत्व हुने किसिमले यस क्षेत्रलाई अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो ।



औपचारिक कार्यक्रमलाई समापनपछि सलिल सुवेदीले र समूहले साङ्गीतिक प्रस्तुति दिनुभयो भने विभिन्न रङ्गकर्मीहरूले सरोज अर्याल तथा सन्दिप डङ्गोलको परिकल्पनामा रङ्गमञ्च यात्रा प्रस्तुत गरिएको थियो । साथै कलाकारहरूले क्यानभासमा चित्र समेत सिर्जना गरेर प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा नेपाल प्रज्ञा-प्रतिष्ठान कुलपति भूपाल राई तथा ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमनि हार्तम्छाली, प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव, प्राज्ञहरू लागयत वरिष्ठ स्रष्टा तथा सर्जकहरूको उपस्थिति रहेको थियो ।



# ४१ औँ अन्तर्राष्ट्रिय नृत्य दिवस

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठान तथा नृत्य निर्देशक सङ्घको संयुक्त आयोजनामा ४१ औँ अन्तर्राष्ट्रिय नृत्य दिवस यही मिति २०८० बैशाख १६ गते शनिबार आफ्नै प्राङ्गणमा विभिन्न मौलिक सांस्कृतिक झाँकी तथा नृत्य प्रस्तुतिहरू सहित मनाइयो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री सुशीला सिर्पाली ठकुरीले पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नु भएको कार्यक्रममा शुभकामना आदानप्रदानसँगै नृत्य विधाबारे छलफल समेत गरियो । राज्यमन्त्री ठकुरीले गीतसङ्गीत तथा नृत्य मानिसको भावना बोल्ने र समस्याको उजागर गर्ने माध्यम भएको बताउनु हुँदै राष्ट्रिय नृत्य दिवसको थालनी गर्न आफूले पहल गर्ने बताउनुभयो । उहाँले कला क्षेत्रमा दशकौँ योगदान दिने कलाकर्मीहरूको भविष्यको सुनिश्चिता हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमका सभाध्यक्ष कुलपति निशा शर्मा पोखरेलले आइटिआइद्वारा अन्तर्राष्ट्रिय नृत्य दिवसको थालनीको उद्देश्यबारे प्रकाश पार्नु हुँदै आगामी दिनमा पनि यस्तै खालको सहकार्य गर्न प्रज्ञा-प्रतिष्ठान प्रतिबद्ध रहेको बताउनुभयो ।

नृत्य निर्देशक सङ्घका सचिव ऋषिकेश श्रेष्ठले अन्तर्राष्ट्रिय नृत्य दिवस मनाइरहँदा नेपालको राष्ट्रिय नृत्य दिवस नभएकोमा चिन्ता व्यक्त



गर्नुभयो । उहाँले सरकारी स्तरबाट नृत्य दिवस नमनाए पनि नृत्य निर्देशक सङ्घको पहलमा वरिष्ठ नृत्य निर्देशक भैरवबहादुर थापाको जन्म दिन पारेर राष्ट्रिय नृत्य दिवस गत वर्षबाट मनाउन थालेको जानकारी दिनुभयो ।

त्यसै गरी नृत्य निर्देशक नृपध्वज खत्रीले कलाकर्मीहरूको योगदानले देशमा आमूल परिवर्तन सम्भव भएको बताउनु हुंदै कला र संस्कृतिको क्षेत्रमा क्रियाशील नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानलाई सबलीकरण गर्न उचित बजेटको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो । नृत्य निर्देशक सङ्घका सल्लाहाकार जोगेन्द्र के.सी.ले प्रज्ञा-प्रतिष्ठानले कला क्षेत्रको विकासका लागि ठोस योजना बनाएर अघि बढ्नुपर्ने बताउनुभयो ।

स्वागत नृत्यस्वरूप नृत्य निर्देशक सङ्घ, ललितपुरका ललित बज्राचार्यले पञ्चकपाल नृत्य प्रस्तुत गर्नुभएको कार्यक्रममा राप्ती तथा भेरी क्षेत्रमा प्रचलित टप्पा नृत्य, पूर्वी नेपालमा प्रचलित साकेला तथा च्याब्रुङ, उपत्यकाको भैरवकाली नृत्य र नेवारी नृत्य, गुरूङ मगर समुदायमा प्रचलित कौडा नृत्य, तामाङ समुदायको तामाङसेलो नृत्य प्रस्तुत गरिएको थियो । त्यसै गरी 'द लर्ड अफ ऋ तथा 'ह्वाइल्ड रिपर्ज' समूहले आधुनिक शैलीको नृत्य प्रस्तुत गरेका थिए ।

कार्यक्रममा उपकुलपति शम्भु राई, सदस्य सचिव कुश्मा महरा, प्रज्ञा परिषद सदस्यहरू तथा सभा सदस्यहरू, वरिष्ठ नृत्य निर्देशक भैरवबहादुर थापा, नारायणदेवी प्रधान, राधेश्याम प्रधान, याम गुरूङ, उदिराम खड्का लगायत नृत्य निर्देशक सङ्घका पदाधिकारी तथा सदस्यहरूको उपस्थिति रहेको थियो । कार्यक्रमलाई नृत्य विभाग प्रमुख प्राज्ञ बखतबहादुर हमालले सहजीकरण गर्नुभएको थियो ।

# प्रज्ञा-प्रतिष्ठानले १३ औं वार्षिकोत्सव मनायो

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानले २०८० बैशाख १० गते संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीको प्रमुख आतिथ्यतामा विविध सांस्कृतिक प्रस्तुतिहरू सहित १३ औं वार्षिकोत्सव मनायो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ बमोजिम २०६७ साल बैशाख १० गते स्थापना भएको प्रज्ञा-प्रतिष्ठानले १३ औं वर्ष पूरा गरेको उपलक्ष्यमा शुभकामना दिनु हुँदै यस परिणत हुन नदिने पनि बताउनुभयो । प्रज्ञा-प्रतिष्ठानले वर्षेनी विभिन्न विधाका ६ जना वरिष्ठ स्रष्टाहरूलाई पुरस्कृत गर्दै आएकोमा एक जना विशिष्ठ स्रष्टा सर्जकलाई नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा आजीवन योगदान सम्मान प्रदान गर्ने गरी गृहकार्य भइरहेको समेत बताउनुभयो ।

कार्यक्रममा नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारद मणि हार्तम्छाली, भाषा आयोगका अध्यक्ष




प्रज्ञा-प्रतिष्ठानको संरक्षक समेत रहनु भएका मन्त्री किरातीले गीतसङ्गीतले जनतालाई जगाउन र गणतन्त्र स्थापना गर्न महत्वपूर्ण योगदान पुऱ्याएको बताउनुभयो । उहाँले आगामी दिनमा संस्कृतिको क्षेत्रमा ठूलो अभियान चलाउने गरी नीति तथा कार्यक्रममा नयाँ कुराहरू ल्याउन आवश्यक रहेको पनि बताउनुभयो ।

कार्यक्रममा कुलपति निशा शर्मा पोखरेलले प्रज्ञा-प्रतिष्ठानबाट वर्षेनी प्रदान गरिने नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७९ प्राप्त गर्नुहुने वरिष्ठ स्रष्टाहरूको नाम सार्वजनिक गर्नु भएको थियो । उहाँले सरकारबाट नियुक्त भएर भर्खर आएको प्रसङ्ग उठाउँदै आफू लगायत प्राज्ञपरिषद् र प्राज्ञसभामाथि सरकारले गरेको विश्वासलाई निराशामा

गोपाल ठाकुर, म्यूजिक नेपालका प्रबन्ध निर्देशक सन्तोष शर्मा, वरिष्ठ नृत्यकार भैरवबहादुर थापा लगायतले शुभकामना मन्तव्य राख्नु हुँदै संस्कृति मन्त्रालयलाई छुट्टै मन्त्रालयका रूपमा स्थापित गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

उक्त अवसरमा सांस्कृतिक कार्यक्रमस्वरूप उदिराम खड्काले मयुर नृत्य, प्राज्ञ शान्ति कठायत तथा समूहले देशभक्ति गीतमा नृत्य, वरिष्ठ लोक गायक राजु परियारले लोक गीत, प्राज्ञपरिषद् सदस्य टिका पुनले लोकगीत तथा डक्टर किरात राईको संयोजनमा कलाकारहरूले शास्त्रीय यमन राग प्रस्तुत गर्नु भएको थियो । कार्यक्रमलाई प्रज्ञा-प्रतिष्ठानकी सदस्य सचिव कुश्मा महराले सहजीकरण गर्नु भएको थियो ।

# किरात बायुङ राईको दोलोकुम प्रस्तुति सम्पन्न




काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको परम्परागत तथा शास्त्रीय सङ्गीत विभागको आयोजना तथा किरात बायुङ राई सुम्निखिमको सह-आयोजनामा किरात बायुङ राई समुदायको गीत, सङ्गीत र नृत्य दोलोकुम प्रस्तुति कार्यक्रम मिति २०८० जेठ २९ गते ओखलढुङ्गामा सम्पन्न भयो ।

बायुङ राई समुदायले आनो पितृ कार्य लगायत विभिन्न संस्कारमा गाउने एवम् नाच्ने उक्त परम्परागत गीत तथा नृत्यलाई ओखलढुङ्गा जिल्लाको चिशङ्खुगढी गाउँपालिका वडा नं. ७ स्थित पारिजात स्मृति आधारभूत विद्यालयमा एक कार्यक्रम आयोजना गरी प्रस्तुत गरिएको हो ।

उक्त अवसरमा बायुङ राई संस्कृतिका अध्येता लोकबहादुर राईले 'किरात बायुङ राई समुदायको गीत सङ्गीत र नृत्य दोलोकुम' शीर्षकमा कार्यपत्र समेत प्रस्तुत गर्नु भएको थियो । कार्यपत्रले दोलोकुमको अर्थ र यसको विधिका बारेमा प्रकाश पारेको थियो ।

कार्यक्रममा प्रज्ञा-प्रतिष्ठानको परम्परागत तथा शास्त्रीय सङ्गीत विभाग प्रमुख प्राज्ञ डक्टर किरात सभापति एवम् चिशङ्खुगढी गाउँ पालिका अध्यक्ष निशान्त शर्माको प्रमुख अतिथि हुनुहुन्थ्यो ।

कार्यक्रममा प्रमुख अतिथि शर्माले दोलोकुम प्रस्तुति जस्ता कार्यक्रमले नयाँ पुस्तालाई आफ्ना संस्कार र परम्पराको संरक्षण र प्रवर्द्धन गर्न उत्साह मिल्ने बताउनु भएको थियो ।

कार्यक्रम संयोजक समेत रहनु भएका प्राज्ञ किरातले लोपोन्मुख बायुङ राई समुदायको संस्कृतिको संरक्षण गर्ने मुख्य उद्देश्यले कार्यक्रम आयोजना गरिएको स्पष्ट पार्नुभयो ।

चिशङ्खुगढी गाउँ पालिका वडा नं ७ र ८ का वडाध्यक्षले शुभकामना मन्तव्य राख्नु भएको उक्त कार्यक्रममा ओखलढुङ्गा तथा आसपासका किरात बायुङ राई समुदायको गीत तथा नृत्य दोलोकुमलाई आठ जना नाक्सो तथा कुलुमीले प्रस्तुत गरेका थिए ।

पारिजात स्मृति आधारभूत विध्यालयका प्रधानाध्यापक किरण राईले सञ्चालन गर्नु भएको कार्यक्रममा स्थानीय बुद्धिजीवी, राजनीतिक दलका प्रतिनिधि, अभिभावक, शिक्षक तथा विद्यार्थीहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा गीत तथा नृत्य प्रस्तुति दिने कलाकारहरूलाई प्रज्ञा-प्रतिष्ठानको तर्फबाट प्रमाण पत्र प्रदान गरिएको थियो ।

### के हो दोलुकुम ?

बायुङ राई संस्कृतिका अध्येता लोकबहादुर बायुङ र नवीन बायुङ राईका अनुसार करिब ५ हजार वर्ष उहिलेदेखि बायुङ पुर्खाहरूले बोली आएका 'द्वालोकुम' शब्द अपभ्रंश भई दोलोकुम बनेको हो । 'द्वालो'को अर्थ ज्योति वा प्रकाश र 'कुम'को अर्थ परावर्तन हुन्छ । बायुङ भाषाको फ्रेलोको बिजमन्त्रको अक्षरहरूलाई गीतको लयमा ढालेर दोलोकुम सलङ गाइन्छ ।

सलङमा सिमेभुमे, देवीदेवता, नागनगेनी, भूपति भुमेलाई पुकार्दै शक्ति तथा आशीर्वाद मागिन्छ । यो गीत खास गरी हङ्सिली/सेग्रो, लिम्मो र विवाहमा गाइने चलन छ । समुदायको सामाजिक परिवेश लुकेको यो गीतको मूल स्रोत मुन्दुम हो ।

बायुङ राई समुदायले आफ्नो कुल परम्परा मान्दा र विवाह गर्दा उपयोग गरिने भाँडावर्तन र साधनहरू थानथपनामा राख्नुपर्छ । उक्त थानथपनामा आफूले पुज्ने कुलदेवता, सिमेभुमे, भूपति भुमेलाई, बाजागाजाको राग, गीतको सुर र लयबाट शक्ति जगाई ज्योतिर्मय बनाउनुपर्छ ।

उक्त ज्योति भाडावर्तन र साधनद्वारा परावर्तन भई भक्तजनको शरीरमा पर्छ भन्ने विश्वास गरिन्छ । ती परावर्तित ज्योतिले मानिसको मनमा भएका रिस, राग, क्रोध, इर्ष्या, मोह, घमण्ड र दोष आदि नष्ट हुने वा पन्छिएर टाढा जाने विश्वास गरिन्छ । यही विश्वासको आधारमा आजसम्म पनि लिम्मो, विवाह र हङेसिली वा सेग्रोमा दोलोकुम सलङ गाइने नाचिने परम्परा छ । दोलोकुम सलङ गाएपछि दु:ख, कष्ट, रोग, शोक र व्याधि हटेर सुख र आनन्द प्राप्त हुने जनविश्वास छ ।

# गण्डकी प्रदेशस्तरीय पञ्चेबाजा र खैँजडी वादन प्रशिक्षण

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको सङ्गीत विभागको आयोजनामा यही मिति २०८० जेष्ठ ३० गतेदेखि असार ८ गतेसम्म बाग्लुङ जिल्लाको गल्कोट नगरपालिका वडा नं. ७ स्थित मल्ममा १० दिने गण्डकी प्रदेश स्तरीय पञ्चेबाजा र खैँजडी बाजा वादन प्रशिक्षण सम्पन्न भयो। स्थानीय स्तरमै लोकबाजाहरूको संरक्षण गर्न उद्देश्यका साथ आयोजना गरिएको प्रशिक्षणमा गल्कोट नगरपालिका वडा नं. ७ र




९ का २५ जना प्रशिक्षार्थीहरू सहभागी भएको सङ्गीत विभाग प्रमुख प्राज्ञ कर्णबहादुर गौतमले बताउनुभयो ।

प्रशिक्षार्थीलाई सङ्गीतकार तथा वाद्यवादक आशीष अबिरल र सहनाइ वादक मेख बहादुर परियारले शास्त्रीय र आधुनिक दुवै विधिबाट प्रशिक्षण दिनुभएको थियो ।

असार ८ गते मल्ममा आयोजित प्रशिक्षण समापन कार्यक्रममा गल्कोट नगर पालिका प्रमुख भरत शर्मा गैरेले प्रशिक्षणले गल्कोट क्षेत्रमा रहेका पुराना नौमती बाजाको संरक्षण गर्न टेवा दिएको बताउनु हुँदै आगामी दिनमा प्रज्ञा-प्रतिष्ठानसँग सहकार्य गर्ने प्रतिबद्धता समेत जनाउनु भएको थियो ।

कार्यक्रममा विभिन्न राजनीतिक दलका स्थानीय नेता र सामाजिक अगुवाहरूको उल्लेख्य उपस्थिति रहेको थियो। नेपाल दलित मुक्ति मोर्चाका केन्द्रीय सदस्य डिलबहादुर परियारको स्वागत र समाजसेवी राजकुमार दर्जीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# पोखरामा पुनमगरको परम्परागत सङ्गीत प्रदर्शनी

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको परम्परागत तथा शास्त्रीय सङ्गीत विभागको आयोजनामा जेठ ४ गते गण्डकी प्रदेश र आसपासमा बसोबास गर्ने पुनमगर समुदायको संस्कृति झल्किने गीत, सङ्गीत तथा नृत्य प्रदर्शनी कार्यक्रम सम्पन्न भयो ।

गण्डकी प्रज्ञा-प्रतिष्ठानको सहआयोजना तथा नेपाल पुन मगर समाजको व्यवस्थापनमा 'एक प्रदेश एक परम्परा कार्यक्रम' अन्तर्गत गण्डकी प्रदेश र आसपासका क्षेत्रमा पुन मगर समुदायमा प्रचलित पुर्ख्यौली परम्परागत गीत, सङ्गीत र नृत्य परम्परामा केन्द्रित कार्यक्रम गण्डकी प्रज्ञा-प्रतिष्ठानको हलमा सम्पन्न भएको हो ।

कार्यक्रममा पुन मगर समुदायको परम्परामा आधारित गीत, सङ्गीत तथा नृत्यहरू प्रदर्शन गरिएको थियो । सो कार्यक्रममा पुन मगरका गीत सङ्गीत सम्बन्धी कार्यपत्र समेत प्रस्तुत गरिएको थियो। परम्परागत तथा शास्त्रीय सङ्गीत विभाग प्रमुख प्राज्ञ डक्टर किरातले उक्त कार्यक्रमले पुन मगर समुदायको संस्कृतिको जगेर्ना गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।



# पहिलो पटक 'गणतन्त्र दिवस सांस्कृतिक साँझ' सम्पन्न



काठमाडौँ । नेपालमा अढाइ सय वर्ष लामो राजतन्त्रात्मक शासन व्यवस्थाको अन्त्य गर्दै २०६५ साल जेठ १५ गते गणतन्त्र घोषणा भयो । गणतन्त्रात्मक शासन व्यवस्था लागु भएको पन्ध्र वर्ष पार गर्दा पहिलो पटक 'गणतन्त्र दिवस सांस्कृतिक साँझ' मनाइएको छ ।

जेठ १६ गते सांस्कृतिक संस्थानको प्रेक्षालयमा १६ औँ गणतन्त्र दिवसको अवसर पारेर सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डज्यूको समुपस्थितिमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयद्वारा पहिलो पटक सांस्कृतिक कार्यक्रम आयोजना गरिएको हो ।

बेलुका ६ बजे शुरू गरिएको कार्यक्रममा स्वागत मन्तव्य राख्नु हुँदै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीले विगतमा राजामहाराजाहरू सांस्कृतिक कार्यक्रम गरेर मनोरञ्जन लिने थलोमा गणतन्त्र दिवसको अवसर पारेर सांस्कृतिक साँझ आयोजना गर्नुले विशिष्ट अर्थ राख्ने बताउनु भएको थियो ।

गणतान्त्रिक संस्कृतिको अभ्यास गर्दै समाजवादको यात्रामा अघि बढ्न यस्ता कार्यक्रमको खास महत्त्व हुने पनि मन्त्री किरातीको दाबी थियो । उहाँले ठूलो बलिदानी र सङ्घर्षबाट जनताले स्थापित गरेको गणतन्त्रलाई विदेशीले ल्याइदिएको भनेर विरोधीहरूले भन्ने गरेको भनाई सत्य नभएको प्रष्ट पार्नुभयो । गोर्खाको लिगलिग कोटमा दौडेर, पूर्वको किराती समाजमा लाप्पा खेलेर अथवा कुभिन्डो काटेर जनता राजा हुने व्यवस्था प्रतीकात्मक रूपमा गणतान्त्रिक संस्कृति भएको उहाँको धारणा थियो । त्यसै गरी लिच्छिवी कालमै विषय, जिल्लाका रूपमा भएका शासन व्यवस्था सङ्घीयतासँग मिल्दोजुल्दो भएको बताउनु हुँदै गणतान्त्रिक संस्कृतिको जरो नेपाली माटोमा पाइने जोड दिनु भएको थियो ।

उहाँले अर्को प्रसङ्गमा भ्रष्टाचार राष्ट्रको शत्रु भएको भन्दै "हामी आगो सहन्छौँ भ्रष्टाचार सहन्नौँ" भन्नुभयो । गीतसङ्गीत माध्यम अत्यन्त प्रभावकारी हुने भएकाले यसलाई भ्रष्टाचारविरोधी अभियानसँग जोडेर लैजानुपर्ने उहाँको स्पष्टोक्ति थियो ।

राष्ट्रियसभाका अध्यक्ष, उपप्रधान तथा गृहमन्त्री, परराष्ट्रमन्त्री, सूचना तथा सञ्चार प्रविधिमन्त्री, कृषिमन्त्रीलगायत मन्त्रीगण, नेपाल सरकारका उच्च पदस्थ कर्मचारी, कुटनीतिक नियोगका प्रमुखहरू,





सुरक्षा निकायका प्रमुखलगायत विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको उक्त भव्य समारोहमा सांस्कृतिक संस्थान, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलका कलाकारहरूको विविध सांस्कृतिक प्रस्तुतिहरू प्रस्तुत गरे । सांस्कृतिक संस्थानका कलाकारहरूले 'पूर्वको माया पश्चिमलाई..' बोलको गीतको नृत्यबाट स्वागत गरेपछि दोस्रो प्रस्तुति नेपाली सेनाको कलाकार समूहको 'सुन्दर शान्त नेपाल..'बोलको गीतको नृत्य रहेको थियो । शिला पन्तको शब्द, सचिन सिंहको सङ्गीत र देविका भण्डारीको स्वर रहेको यस गीतको नृत्यमा गोपाल योञ्जनको शब्द, सङ्गीतमा रहेको 'पूर्व कोही पश्चिम घर..' बोलको गीतको नृत्यलाई समेत आकर्षक संयोजन गरिएको थियो ।

नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईको कविता 'प्रेमयुद्ध'लाई वीरेन्द्र हमालको परिकल्पना तथा निर्देशनमा यस प्रज्ञा-प्रतिष्ठानको कुलपति निशा शर्मा पोखरेल सहितको कलाकार समूहले नाट्य मञ्चनमा उतारेका थिए । त्यस्तै यही प्रज्ञा-प्रतिष्ठानको अर्को प्रस्तुति प्राज्ञसभा सदस्य टीका चाम्लिङको शब्द, रोशन बान्तावाको सङ्गीत र प्राज्ञसभा सदस्य शान्ति कठायतको नृत्य निर्देशनमा 'जस्तो छ विशाल आकाश..'बोलको गीतमा नृत्य प्रस्तुत गरिएको थियो । कार्यक्रममा यस प्रज्ञा-प्रतिष्ठानका उपकुलपति शम्भु राईले बलराम तिमिल्सनाको शब्द रहेको 'झुपडीकी नारी रून्छे..' बोलको गीत गाउनु भएको थियो ।


सांस्कृतिक प्रस्तुति दिने क्रममा नेपाल प्रहरीको कलाकार समूहले अशोक कुमार राईको शब्दसङ्गीत र सञ्जय तुम्रोकको स्वर रहेको 'नयाँ नेपाल..' बोलको गीतमा नृत्य प्रस्तुति दिएको थियो भने सांस्कृतिक संस्थानका कलाकारले राष्ट्रकवि माधव घिमिरेको शब्द र उस्ताद गोबिन्दलालको सङ्गीत रहेको 'गाउँछ गीत नेपाली..' बोलको गीत प्रस्तुत गरेका थिए ।




कार्यक्रमको अन्तिम प्रस्तुति स्वरूप सशस्त्र प्रहरी बलका कलाकार समूहले सन्देश मूलक 'देशको माटो' नामक गीत नाटक प्रस्तुत गरेको थियो ।

यस गीति नाटकमा 'फर्केर आऊ' (शब्द सुनिल खड्का, सङ्गीत तथा स्वर शिशिर योगी) 'नेपाल आमा' (शब्द गणेश विषम, सङ्गीत डा. गोविन्द आचार्य र स्वर जगदिश समाल र शिशिर योगी), 'यो मुक्त भूमि' (शब्द बामदेव गौतम, सङ्गीत शम्भूजीत बासकोटा, स्वर रोशन गुरूङ र माण्डवी त्रिपाठी) एवम् 'गर्छिन् पुकार' (शब्द म.वी.वी. शाह, स्वर जनार्दन शर्मा र कोइलीदेवी) समावेश थियो ।

प्रस्तुतिका बीच कार्यक्रमका प्रमुखअतिथि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई मायाको चिनो समर्पण गरिएको थियो ।




# नाटक गुन-केसरी मञ्चित

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको रङ्गमञ्च विभागको प्रस्तुति रेहेको 'गुन-केसरी' नाटक जेठ ३० गते सांस्कृतिक संस्थान जमलमा प्रदर्शन गरियो । सांस्कृतिक नाटकको संरक्षण एवम् विस्तार गर्ने उद्देश्यले नाटक तयार गरिएको प्रज्ञा-प्रतिष्ठानकी कुलपति निशा शर्मा पोखरेलले बताउनुभयो ।

रङ्गकर्मी बीरेन्द्र हमालको परिकल्पना तथा निर्देशनमा करिब एक महिनाको अभ्यासपछि तयार गरिएको यस नाटकमा पौराणिक कथा तथा ग्रीसेली मिथकलाई अहिले वर्तमान स्थितिसँग संयोजन गरिएको छ । नाटकमा विदेश प्रेमले विदेशिएको प्रेमी 'गुन' लास बनेर देश फर्किँदाको प्रेमिका 'केसरी'मा देखिएको मनोदशालाई सजीव रूपमा चित्रण गरिएको छ ।

युवाहरूको विदेश प्रेमले देशको जनशक्तिमा आधारित संरचनालाई झन् झन् कमजोर बनाउँदै लगेको छ भने प्रेममा आएको विचलनले समग्र सामाजिक संरचनालाई नै जीर्ण बनाउँदै लगेको छ । युवाहरूमा देश त्याग्ने रहरको बढ्दो ग्राफ र नारी-पुरूष बिचको साँचो प्रेमको घट्दो ग्राफलाई कलात्मक रूपमा प्रस्तुत गरिएको यस नाटकमा २५ जना कलाकारको अयिनय रहेको थियो । नाटकलाई गीता थापाले सहनिर्देशन र तीर्थ पोखरेलले सङ्गीतसंयोजन गर्नु भएको थियो ।



# लोकबाजा सारङ्गी र मादल प्रशिक्षण सम्पन्न

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको सङ्गीत विभागद्वारा यही मिति २०८० जेठ १९ गतेदेखि २८ गतेसम्म काठमाडौँको बबरमहलस्थित सारङ्गी संसारको हलमा सारङ्गी र मादल प्रशिक्षण आयोजना गरियो । सङ्गीत विभाग प्रमुख प्राज्ञ कर्णबहादुर गौतमको संयोजकत्वमा आयोजित उक्त प्रशिक्षणलाई प्रज्ञा-प्रतिष्ठानकी सदस्यसचिव कुश्मा महराले मादल बजाएर उद्घाटन गर्नु भएको थियो ।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै सदस्य सचिव महराले नेपाली पहिचान बोक्ने मादल र सारङ्गी जस्ता लोकबाजाको संरक्षण, प्रवर्धन र विकासका लागि प्रज्ञा-प्रतिष्ठान प्रतिबद्ध रहेको बताउनु भएको थियो । उहाँले मौलिक नेपाली लोकबाजा वादन गर्ने स्रस्टा/कलाकारको वृत्तिविकासका लागि प्रशिक्षण सञ्चालन गरिएको पनि बताउनुभयो ।

प्रशिक्षण संयोजक प्राज्ञ गौतमले मादल र सारङ्गी कुनै समुदाय विशेष बाजाका रूपमा मात्र नभएर नेपालको सङ्गीतको खास पहिचान र परिचायक भएको बताउनुभयो । उहाँले सारङ्गीले मानवीय वेदना र भावनालाई अभिव्यक्त गर्नुका साथै मानव चेतनालाई नै तरङ्गित र उद्वेलित गराउने र मादलले प्रहर अनुसार मानिसलाई चालमा ल्याइदिने पनि बताउनुभयो ।



कार्यक्रमका विशेष अतिथि वरिष्ठ सङ्गीतकार बि.बि. अनुरागीले आफू ३०/३५ वर्षदेखि मादल र सारङ्गीसँगै खेल्दै, रमाउँदै हुर्किएको बताउनु हुँदै नयाँ पुस्तालाई दक्ष बनाउनका लागि अत्यन्त जरूरी रहेको प्रशिक्षण प्रज्ञा-प्रतिष्ठानले सञ्चालन गरेकोमा खुसी व्यक्त गर्नु भएको थियो । उहाँले नेपालका सबै मौलिक बाजाहरूको संरक्षण गर्दै समय अनुसार



धुनहरूलाई परिस्कृत गर्दै जानुपर्नेमा जोड दिनु भएको थियो । कमल विश्वकर्माले सहजीकरण गर्न भएको उक्त उद्घाटन कार्यक्रममा प्राज्ञ बखतबहादुर हमाल र प्राज्ञ हिसनबहादुर मगरले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो ।

१० दिनसम्म चलेको प्रशिक्षणमा सारङ्गीमा कमल विश्वकर्मा र मादलमा सुनिल बर्देवाले प्रशिक्षण दिनु भएको थियो । स्टाफ नोटेसनका आधारमा स्वर लिपिबाट सिकाइएको उक्त प्रशिक्षणबाट मादल वादनमा २९ जना र सारङ्गी वादनमा ३१ जना प्रशिक्षार्थी प्रशिक्षित भएको प्राज्ञ गौतमले बताउनुभयो । सजिलो र नयाँ तरिकाले सङ्गीत सिक्न सिकाउन प्रभावकारी हुने भएकाले स्टाफ नोटेसनका आधारमा स्वर लिपिबाट सिकाइएको पनि उहाँले दाबी गर्नुभयो ।

जेठ २८ गते एक औपचारिक कार्यक्रम आयोजना गरी प्रशिक्षणको समापन गरिएको थियो । समापन कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै कुलपति निशा शर्मा पोखरेलले वाद्यवादनले शब्दको माध्यमबाट व्यक्त गर्न नसकिने उदासीनता र खुसीलाई अभिव्यक्त गरी मनलाई शान्ति प्रदान गर्ने बताउनुभयो । आफूलाई गायन, नृत्य र अभिनय गर्न आए पनि कुनै एउटा पनि बाजा बजाउन नजानेकोमा जहिल्यै पछुतो हुने गरेको बताउनु हुँदै एउटा मात्र बाजा बजाउन जाने त्यो सीप आफूलाई व्यक्त गर्ने माध्यम हुने विचार व्यक्त गर्नुभयो । मादल र सारङ्गीका प्रशिक्षार्थीलाई प्रेरित गर्न कुलपति शर्माले बाजा र मानिसको सम्बन्धलाई केलाउनु भएको थियो । उहाँले एउटा रङ्गमञ्च बनाएर नृत्य र सङ्गीतसम्बन्धी विविध प्रशिक्षण दिने योजनामा प्रज्ञा-प्रतिष्ठान रहेको पनि बताउनुभयो ।

कार्यक्रममा वरिष्ठ सङ्गीतकार बि.बि. अनुरागीले नेपाली लोकबाजालाई परिष्कृत गर्न आवश्यक भएकाले यसका लागि अनुसन्धान कार्य थाल्न प्रज्ञा-प्रतिष्ठानसँग अनुरोध गर्नु भएको थियो । प्रस्तुति दिने बेला बाजालाई ठोक्न र तान्न थाल्दा डिस्टर्ब हुने, कहिलेकाहीँ सारङ्गी बजाउँदा बजाउँदै रोकेर सुर मिलाउनुपर्ने जस्ता समस्यालाई समाधान गर्ने प्रविधिबारे प्रज्ञा-प्रतिष्ठानले अनुसन्धान गर्नु पर्नेमा उहाँको जोड थियो ।

सङ्गीतकार अनुरागीको भनाइप्रति कार्यक्रमका विशेष अतिथि उपकुलपति शम्भू राईले समर्थन जनाउनु हुँदै सारङ्गीमा गितारको जस्तै नट जोडेर सुरलाई 'फिक्स' गर्न नसकेको आफ्नो अनुभव सुनाउनु भएको थियो । सारङ्गीमा प्रयोग हुने छाला कहिले फुक्ने र कहिले खुम्चने हुँदा यस्तो समस्या हुने भन्दै उहाँले थप छलफल गर्दै जानुपर्ने बताउनुभयो । कार्यक्रममा प्रशिक्षार्थीलाई प्रज्ञा-प्रतिष्ठानको तर्फबाट प्रमाणपत्र वितरण गरिएको थियो । प्रशिक्षार्थी लोकदोहोरी गायिका कामना ओलीले दस दिने प्रशिक्षणमा आफूले सरगमसँगै केही गीतका धुन बजाउन सिकेकाले भविष्यमा गायिकासँगै व्यवसायिक सारङ्गी वादक बन्ने चाहना रहेको पनि बताउनु भएको थियो ।





# लोपोन्मुख असारे तथा दाइँ गीत विषयक सङ्गोष्ठी सम्पन्न

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको लोक सङ्गीत विभागले मिति २०८० असार ८ गते सांस्कृतिक संस्थान जमलमा असार ८ लोपोन्मुख असारे तथा दाइँ गीत विषयक सङ्गोष्ठी सम्पन्न गऱ्यो । बढ्दो आधुनिकता र बाह्य संस्कृतिको प्रभावले लोपोन्मुख अवस्थामा असारे तथा दाइँ लोकगीत पुगेकाले यसको



संरक्षण गर्ने उद्देश्यले सङ्गोष्ठी आयोजना गरिएको लोकसङ्गीत विभाग प्रमुख प्राज्ञ टीका पुनले बताउनुभयो । सङ्गोष्ठीमा असारे तथा दाइँ गीतसम्बन्धी कार्यपत्र, छलफल र साङ्गीतिक कार्यक्रम समेत प्रस्तुत गरिएको थियो ।

सङ्गोष्ठीलाई लुगुम चेलीबेटी आमा समूहको पञ्चे बाजा वादनसहित प्रमुखअतिथि वरिष्ठ लोकगायक बमबहादुर कार्कीले पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नु भएको थियो ।

सङ्गोष्ठीलाई सम्बोधन गर्नु हुँदै प्रमुख अतिथि कार्कीले कृषिकर्मका क्रममा किसानहरूले विकसित गरेको असारे र दाइँ गीतको विराट महत्त्व रहेको तर वैदेशिक रोजगार एवम् अन्य कारणले कृषिकर्म नै कम प्राथमिकतामा पर्न गई यी गीत पनि लोपोन्मुख अवस्थामा पुगेको बताउनुभयो ।

सङ्गोष्ठीमा कार्यपत्र प्रस्तुत गर्नु हुँदै गायक किरण बाबु पुनले श्रमगीत अन्तर्गत् पर्ने असारे तथा दाइँ गीत नेपालको पूर्वदेखि पश्चिमसम्मै विभिन्न नाम र लयमा गाइने बताउनुभयो । उहाँले नेपालको मुख्य बाली धान रोप्दा असार महिनामा सामूहिक रूपमा गाउने गीत असारे र धान पाकेपछि झाँट्ने क्रममा मङ्सिर महिनामा दाइँ गर्दा गाइने गीत दाइँ गीत भएको स्पष्ट पार्नुभयो । कृषिकर्ममा निर्भर नेपाली समाजमा रोपाइँका दिन उत्सवकै रूपमा नौमती बाजा घन्काउँदै असारे गीत गाउने र दाइँ गर्ने भव्य परम्परालाई संरक्षण गर्न नयाँ पुस्ताले चासो दिनुपर्ने पनि सुभाउनु भयो ।

कार्यपत्रमाथि पूर्व सांसद् एवम् संस्कृतिकर्मी बम कुमारी बुढामगर र लोकवार्ता परिषद्का महासचिव डा. ध्रुव प्रसाद भट्टराईले टिप्पणी गर्नु भएको थियो ।

कार्यक्रमका अध्यक्ष यस प्रज्ञा-प्रतिष्ठानका उपकुलपति शम्भु राईले मौलिक कला संरक्षणमा राज्यको मात्र मुख ताक्न नहुने बताउँदै एक समुदायले अर्को समुदायको गीत गाउन सक्ने वातावरण बनाउन सके मात्र सबै जातजातिका गीतसङ्गीत संरक्षण हुने बताउनुभयो ।

कार्यक्रममा कलाकार शिव नारायण जोशी समूहले घाँसे गीत, अथार मगरात कलाकार सङ्घका कलाकारहरूले दाइँ गीत, पञ्चरङ्ग भजन समूह भक्तपुरका कलाकारले उपत्यकाका नेवार समुदायमा प्रचलित असारे गीत तथा विपिन घिमिरे र शिला विष्टले गड्वाली गीत प्रस्तुत गर्नु भएको थियो ।

त्यसै गरी कलाकार खड्गबहादुर पुन 'खबपु'ले समसामयिक विषयमा हास्यव्यङ्ग्य प्रस्तुति दिनु भएको थियो ।

हरि पुन मगरले सहजीकरण गर्नु भएको कार्यक्रममा प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव कुश्मा महरा, प्राज्ञपरिषद् सदस्य हिसन बहादुर मगर, बखत बहादुर हमाल, डक्टर किरात लगायत वरिष्ठ लोकगायक गायिकाहरूको उपस्थिति रहेको थियो ।






# नाट्य प्रविधिसम्बन्धी कार्यशाला सञ्चालन

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको रङ्गमञ्च विभागद्वारा नाट्य प्रविधिसम्बन्धी कार्यशालाहरू राजधानीमा सम्पन्न भए । प्रकाश र ध्वनिसम्बन्धी कार्यशाला यही मिति २०८० जेठ १८ गतेदेखि २१ गतेसम्म कुञ्ज नाटकघरमा सम्पन्न भयो । रङ्गमञ्चलाई आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले कार्यशाला आयोजना गरिएको प्रज्ञा-प्रतिष्ठानकी कुलपति निशा शर्मा पोखरेलले बताउनुभयो ।

विभिन्न नाट्य समूहका २५ जना प्रशिक्षार्थी सहभागी कार्यशालामा मुख्य प्रशिक्षक वरिष्ठ नाट्य निर्देशक सुनिल पोखरेल हुनुहुन्थ्यो ।

यसै गरी आवाज तथा भाषणकलाबारे सिकाउने उद्देश्यले जेठ २६ गतेदेखि २९ गतेसम्म थापागाउँ लेखन कुञ्जस्थित आरोहण गुरूकुलमा सञ्चालन गरियो ।

कार्यशालामा मुख्य प्रशिक्षक नाट्य निर्देशक अनुप बराल र सहायक प्रशिक्षकमा देव न्यौपाने हुनुहुन्थ्यो ।

प्रशिक्षक बरालले मुख्य रूपमा कलाकारमा सधैँ तटस्थ हुने र आफूलाई स्विकार्ने गुण हुनुपर्ने कलाकारहरूलाई सुझाउनु भएको थियो, 'तपाईंहरू सर्वप्रथम आफूलाई स्वीकार्नुस् ।

अग्लो, होचो, कालो, गोरो, दुब्लो, मोटो जस्तो हुनुहुन्छ, त्यो सबै तपाई हो, यो कुरालाई स्विकार्नुस् । र, अन्य बाह्य वातावरणप्रति तटस्थ रहनुहोस् ।'

कुलपति शर्माले प्रशिक्षार्थीहरूलाई निरन्तर साधनामा लाग्न सुझाव दिनु भएको थियो, 'अभिनय भनेको धेरै ठुलो कुरो होइन, तर तपाईंले महसुस र मनन गरेर पात्रको ठाउँमा आफूलाई राखेर आफूलाई विश्वास दिलाउन सक्नुपर्छ ।'

सहभागी प्रशिक्षार्थीहरूले कार्यशालाबाट कलामा तटस्थताको महत्त्व, आफू तथा वातावरणको स्वीकार्यता, भाषण र प्रस्तुति कला, आवाजको अभ्यासलगायत थुप्रै ज्ञानहरू हासिल गरेको बताएका थिए ।

प्रज्ञा-प्रतिष्ठानले कलाका विभिन्न विधामा रूचि राख्नेहरूलाई वार्षिक क्यालेन्डर बनाएरै यस्ता विभिन्न कार्यशाला आयोजना गरिरहेको कुलपति शर्माले



बताउनुभयो । यसअघि आफूले विभिन्न जिल्लामा गरेका प्रशिक्षण अनुभवका आधारमा काठमाडौँमा यो कार्यक्रमको आयोजन गरिएको र यसै वर्ष कर्णाली, गण्डकी र लुम्बिनी प्रदेशका विभिन्न भेगमा नाटक प्रशिक्षणलाई निरन्तरता दिने पनि उहाँले बताउनुभयो ।

**निर्देशन तथा अभिनयसम्बन्धी चार दिने कार्यशाला**

यसै गरी जेठ ३० गतेदेखि असार १ गतेसम्म चार दिने निर्देशन तथा अभिनय कार्यशालासमेत आयोजन गरियो । सो अवसरमा प्रशिक्षार्थीले आफूले सिकेको तालिमको उपयोग गर्दै नाटकसमेत मञ्चन गरेका थिए ।







# शास्त्रीय सङ्गीत प्रस्तुति कार्यक्रम आयोजना

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको परम्परागत तथा शास्त्रीय सङ्गीत विभागले 'शास्त्रीय सङ्गीत देशैभर प्रसार, युवा र विद्यार्थीको ज्ञानको आधार' भन्ने मूल नाराका साथ यही मिति २०७९ असार ३ गते आइतबार बौद्ध महांकालस्थित श्री जनकल्याण माध्यमिक विद्यालयमा शास्त्रीय सङ्गीत प्रस्तुति कार्यक्रम सम्पन्न गऱ्यो । नेपाल शास्त्रीय सङ्गीत समाज सहआयोजक रहेको उक्त कार्कक्रममा शास्त्रीय सङ्गीतसम्बन्धी पाँच वटा प्रस्तुति प्रस्तुत गरिएको थियो ।

उपकुलपति शम्भु राईको सभाध्यक्षता रहेको उक्त कार्यक्रमलाई प्रमुखअतिथि नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले पानसमा दीप प्रज्ज्वलन गरी समुद्घाटन गर्नु भएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा कुलपति राईले मानव सभ्यताले आर्जन गरेको जेठो कला शास्त्रीय सङ्गीतलाई शिक्षासँग जोडेर आममा पुऱ्याउन आवश्यक रहेको बताउनुभयो । गुरूकुलमा आबद्ध केही शिष्यमा सीमित शास्त्रीय सङ्गीतलाई प्रज्ञा-प्रतिष्ठानले विद्यालय तहमा कार्यक्रम आयोजना गरेर युवा-विद्यार्थीसँग जोड्नु सकारात्मक रहेको भनी प्रशंसा समेत गर्नुभयो । उहाँले हजार वर्ष पुराना शास्त्रीय सङ्गीतमा वर्णन गरिएका विषयबस्तुलाई अपडेट गरेर समयानुकूल बनाउनुपर्ने तथा यस सङ्गीतका नियम अनुशासनलाई पनि प्रयोगात्मक रूपम 'अपडेट' गर्नुपर्ने बताउनुभयो ।

परम्परागत तथा शास्त्रीय सङ्गीत विभाग प्रमुख प्राज्ञ डाक्टर किरातले स्वागत मन्तव्य राख्नु हुँदै शास्त्रीय सङ्गीतलाई गाउँगाउँका स्कुलमा आन्दोलनका रूपमा पुऱ्याएर युवा र विद्यार्थीसँग जोड्न प्रज्ञा-प्रतिष्ठानले कार्यक्रम आयोजना गरेको स्पष्ट पार्नुभयो । उहाँले शास्त्रीय सङ्गीतमा लागेका कलाकारहरूको जीवन कष्टप्रद हुँदै गएकाले राज्यले कलाकारहरूको लागि सांस्कृतिक सुरक्षा केन्द्र स्थापना गर्नुपर्ने पनि बताउनुभयो । त्यसै गरी शास्त्रीय सङ्गीत भन्ने वित्तिकै भारतीय सङ्गीतका रूपमा बुँझिदै आएकाले यसलाई नेपाली माटो, संस्कृति र जरासँग जोडेर पुनर्परिभाषित गर्न आवश्यक रहेको पनि औँल्याउनुभयो ।

शास्त्रीय सङ्गीत समाजका अध्यक्ष धनबहादुर गोपालीले शास्त्रीय सङ्गीतको प्रशिक्षार्थीका लागि प्रज्ञा-प्रतिष्ठान र शास्त्रीय सङ्गीत समाजले तयार गरेको प्रशिक्षण कोर्सलाई लागु गर्न पहल गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा २०४७ सालदेखि यता नेपाल सरकारले भारतको इलाहावाद महाविद्यालयबाट शास्त्रीय सङ्गीतमा लिएको प्रशिक्षणलाई मान्यता दिन छोडेकोले आगामी दिनमा प्रज्ञा-प्रतिष्ठान र शास्त्रीय सङ्गीत समाजले तयार गरेको प्रशिक्षण कोर्स पूरा गर्ने प्रशिक्षार्थीलाई प्रज्ञा-प्रतिष्ठानले सरकारी मान्यता दिने उपकुलपति शम्भू राईले स्पष्ट पार्नु भएको थियो । कार्यक्रममा शुभकामना मन्तव्य राख्ने क्रममा वरिष्ठ सङ्गीतज्ञ विजयकुमार श्रेष्ठले शास्त्रीय सङ्गीतलाई राजधानीबाट बाहिर लैजानुपर्ने बताउनुभयो । उहाँले राजधानी केन्द्रित भएर राष्ट्रिय कलाकार भएको भ्रम पाल्ने कलाकारहरूलाई विराटनगर पुग्दा कसैले नचिन्ने अवस्था रहेकोतर्फ सचेत हुन समेत सल्लाह दिनु भएको थियो । श्री जनकल्याण मा.वि.का व्यवस्थापन समितिका अध्यक्ष दिलेन्द्रप्रसाद ढकालले यस्तो महत्त्वपूर्ण कार्यक्रमका लागि आफ्नो विद्यालयलाई छनोट गरेकोमा प्रज्ञा-प्रतिष्ठानलाई धन्यवाद् दिनु भएको थियो ।

करिब एक घण्टा चलेको साङ्गीतिक प्रस्तुतिमा सुगमा गौतमको गायन शशांक सापकोटाको तबला वादन र यतिराज अधिकारीको












भाइलिन वादनमा भिन्न षडज राग प्रस्तुत गरिएको थियो । त्यस्तै नगेन्द्रविक्रम राईको बाँसुरी वादनमा मधुमद राग प्रस्तुत गरिएको थियो । जसमा नवराज गुरूङ तबलामा र गीता राई तानपुरामा हुनुहुन्थ्यो ।

यस्तै सानु तामाङको समूहले मधुवन्ती रागको प्रस्तुति दिएको थियो । गायनमा सानु तामाङ, तबलामा पारसमणी सुवेदी, तानपुरामा गायत्री राना मगर र हार्मोनियममा नवराज सापकोटा हुनुहुन्थ्यो । त्यसै गरी सन्तोषभक्त श्रेष्ठ र समूहले शुद्ध सारङ्ग रागको प्रस्तुति दिएको थियो । जसमा सन्तोषभक्त श्रेष्ठ ईशाराज वादन, विदुरराज कर्णीकार तबलामा र तानपुरामा




सिर्जना दुलाल रहनुभएको थियो । कार्यक्रममा झरना श्रेष्ठले भरत नाट्यम् र कुमारी नृत्य प्रस्तुत गर्नुभएको थियो । र अन्तिम प्रस्तुति स्वरूप जनकल्यान मा.वि.का विद्यार्थीहरूले 'रेशम फिरिरि' बोलको गीतमा साङ्गीतिक प्रस्तुति दिएका थिए ।

प्राज्ञ राधा राईले सञ्चालन गर्नुभएको कार्यक्रममा प्रस्तुति दिने कलाकारहरू तथा सहयोगी व्यक्ति तथा संस्थालाई कदर पत्र तथा सम्झनाको चिनो प्रदान गरिएको थियो ।





# पँवरिआ नाच विषयक सङ्गोष्ठी आयोजना

काठमाडौँ । यस प्रज्ञा–प्रतिष्ठानको नृत्य विभागको आयोजनामा मधेस प्रदेशको बारा जिल्लास्थित आदर्श कोतवाला गाउँपालिकामा मिति २०८० असार १ गते 'पँवरिया नाच' विषयक सङ्गोष्ठी सम्पन्न भयो । सङ्गोष्ठीमा भाषा आयोगका अध्यक्ष डा. गोपाल ठाकुरले पँवरिया नाच बारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि समेत रहनु भएका ठाकुरले मधेस प्रदेश र तराईमा बसोवास गने पँवरिआ जाति विशेषको नृत्य पँवरिआ पछिल्लो समय लोपोन्मुख अवस्थामा रहेकोले यसलाई संरक्षण गर्नको लागि जीवन यापनसँग जोडेर लैजानुपर्ने जोड दिनु भएको थियो । कार्यपत्रमाथि भाषा आयोगका सदस्य गोपाल अस्क र नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका प्राज्ञसभा सदस्य विनित ठाकुरले टिप्पणी गर्नु भएको थियो ।

प्रज्ञा–प्रतिष्ठानको नृत्य विभाग प्रमुख प्राज्ञ बखतबहादुरको हमालको सभापतित्वमा सम्पन्न सङ्गोष्ठीमा भाषा आयोगका सदस्य मातृका पोखरेल विशेष अतिथि रहनु भएको थियो भने स्थानीय बुद्धिजीवी, कलाकारको उल्लेख्य सहभागिता रहेको थियो । आयोजकको तर्फबाट हिलारी बन्धु भुजेलले स्वागत मन्तव्य राख्नु भएको थियो कार्यक्रममा कार्यपत्रमामाथि पँवरिआ नृत्य समेत प्रस्तुत गरिएको थियो ।




पँवरिआ नृत्यको खोज, अध्ययन, अनुसन्धान र प्रवर्द्धन गर्ने उद्देश्यले सङ्गोष्ठी आयोजना गरिएको प्राज्ञ हमालले बताउनुभयो । नेपाली लोक तथा मौलिक नृत्यहरूको थप खोज र अनुसन्धान गरी पुस्तान्तरण गर्ने, अभीलेखीकरण गर्नुपर्नेमा प्रमुख अतिथि, विशेषअतिथि र सहभागीहरूको जोड रहेको थियो । सङ्गोष्ठीमा जयप्रकाश लाल दासले सहजीकरण गर्नु भएको थियो ।




# गीत लेखन कला कार्यशाला सम्पन्न

काठमाडौँ । यस प्रज्ञा–प्रतिष्ठानले 'गीत लेखन कला' विषयक कार्यशाला तथा गोष्ठी कार्यक्रम यही मिति २०८० असार २१ बिहिबार नक्सालस्थित आफ्नै कार्यालयको सभा हलमा सम्पन्न गर्‍यो ।

प्रज्ञा–प्रतिष्ठानका उपकुलपति शम्भु राईको सभाध्यक्षता तथा वरिष्ठ संस्कृतिविद् तथा साहित्यकार निनु चापागाई तथा भाषा आयोगका अध्यक्ष गोपाल ठाकुरको विशेष आतिथ्यतामा सम्पन्न कार्यक्रममा गीत लेखनबारे विशेष चर्चा गरिएको थियो ।

भाषा आयोगका अध्यक्ष गोपाल ठाकुरले 'गीत लेखन कला' विषयक कार्यपत्र प्रस्तुत गर्नु हुँदै यसका विविध पक्षहरूको विश्लेषण गर्नु भएको थियो । वरिष्ठ साहित्यकार निनु चापागाईंले समाजको यथार्थतालाई उपन्यासले जस्तो कथाले प्रस्तुत गर्न नसक्ने, कथाले जसरी कविताले प्रस्तुत गर्न नसक्ने र कविताले जसरी गीतले नसक्ने बताउनु हुँदै गीत कविता विधाभित्रकै विशिष्टीकृत विधा भएको टिप्पणी गर्नुभयो ।

जनसांस्कृतिक महासङ्घ नेपालका कार्यवाहक अध्यक्ष भिम कुमाखी तथा लोक गायक किरण बाबु पुनले कार्यपत्रले गीत लेखनका ऐतिहासिक पक्ष तथा गीत लेखनका सबै विधालाई समेत समेट्नुपर्नेमा जोड दिनुभयो ।

त्यसै गरी वरिष्ठ सङ्गीतकार सुरेश अधिकारी, गीतकार विश्व दोङ, चिरन पुन लगायतले गीतका विषयमा छलफल कम हुने गरेकोले प्रज्ञा–प्रतिष्ठानलाई यस्ता गोष्ठी निरन्तर रूपमा आयोजना गर्न आग्रह गर्नुभयो ।

उपकुलपति शम्भु राईले सरोकारवाला सबैको सल्लाह र सुझावलाई समेटेर प्रज्ञा–प्रतिष्ठान आगाडि बढ्ने बताउँदै नेपाली गीतसङ्गीतलाई सभ्य र सुसंस्कृत बनाउन चलचित्रलाई जस्तै सेन्सर गरेर मात्र बजारमा पठाउने व्यवस्था मिलाउनुपर्ने धारणा राख्नुभयो ।

सङ्गीत विभाग प्रमुख प्राज्ञ कर्ण बहादुर गौतमले सहजीकरण तथा नाटक विभाग प्रमुख प्राज्ञ हिसन मगरले स्वागत मन्तव्य दिनुभएको कार्यक्रममा प्रज्ञा–प्रतिष्ठानका सदस्य सचिव कुश्मा महरा, प्राज्ञपरिषद् सदस्यहरू डक्टर किरात, टीका पुन, पूर्व प्राज्ञ सभा सदस्य निलिमा पुन, रोयल्टी सङ्कलन समाजका महासचिव बि. पाण्डे, गीतकार सङ्घका अध्यक्ष बसन्त वित्यासी थापा, वरिष्ठ सङ्गीतकार महेश खड्का लगायतका वरिष्ठ सङ्गीतकर्मी र वरिष्ठ गीतकारहरूको उपस्थिति रहेको थियो ।




# नेपाली लोकनाचको विगत र वर्तमान अवस्था विषयक गोष्ठी सम्पन्न

काठमाडौं । यस प्रज्ञा-प्रतिष्ठानको नृत्य विभागद्वारा 'नेपाली लोकनाचको विगत र वर्तमान अवस्था' विषयक गोष्ठी नेपाल प्रज्ञा प्रतिष्ठानको लेखनाथ हलमा यही मिति २०८० साल जेठ २५ गते आयोजना गऱ्यो ।

वरिष्ठ नृत्य निर्देशक भैरवबहादुर थापाको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा नृत्य निर्देशक के.पी. पौडेलले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्रमाथि आस्था कला केन्द्रका संस्थापक रमेश थापा र लोक बाजा सङ्ग्रहालयका अध्यक्ष रामप्रसाद कणेलले टिप्पणी गर्नुभएको थियो ।

प्रमुखअतिथि थापाले नेपाली लोकनाचको विगत र वर्तमान अवस्थाँ विषयमा गोष्ठी आयोजना गरेकोमा प्रतिष्ठानलाई धन्यवाद् दिँदै आफूले सन् १९७४मा नेपाली लोकनाचलाई युरोपको फेस्टिभल तथा युनेस्कोमा निजी खर्चमा प्रदर्शन गरेको स्मरण गर्नुभयो ।

कुलपति निशा शर्मा पोखरेलको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रतिष्ठानका सदस्य सचिव कुश्मा महराले वरिष्ठ नृत्यकार भैरवबहादुर थापाको जन्म दिवसलाई राष्ट्रिय नृत्य दिवसमनाउने सन्दर्भमा सरकारलाई ध्यानाकर्षण गराइरहेको बताउनुभयो ।

कार्यक्रममा वरिष्ठ नृत्यङ्गना नारायणदेवी प्रधान, गोविन्द प्रभात, नृपध्वज खत्री, प्राज्ञ शान्ति कठायत लगायतले लोक नाचको संरक्षणमा सबै मिलेर अघि बढ्नुपर्नेमा जोड दिनुभएको थियो ।

प्राज्ञ परिषद् सदस्य एवं नृत्य विभाग प्रमुख बखतबहादुर हमालले संयोजन गर्नुभएको कार्यक्रमलाई प्राज्ञ सभा सदस्य महेश सुनारले सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा प्राज्ञ टीका पुन, प्राज्ञ डक्टर किरात, प्राज्ञ हिसनबहादुर मगर लगायत प्राज्ञ सभा सदस्यहरू, वरिष्ठ नृत्यकमीहरू तथा, नृत्य प्रशिक्षाथीहरूको उपस्थिति रहेको थियो ।



# 'लोक सङ्गीत हिजो र आज' विषयक सङ्गोष्ठी सम्पन्न

काठमाडौँ । यस प्रज्ञा प्रतिष्ठानको लोक सङ्गीत विभागको आयोजनामा यही मिति २०८० जेठ ३१ गते नेपाल प्रज्ञा–प्रतिष्ठानको पारिजात सभा हलमा 'लोक सङ्गीत हिजो र आज' विषयक सङ्गोष्ठी सम्पन्न भयो । प्रज्ञा प्रतिष्ठानकी कुलपति निशा शर्माको अध्यक्षता तथा वरिष्ठ गायक प्रेमराजा महतको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रमको संयोजन लोक सङ्गीत विभाग प्रमुख प्राज्ञ टीका पुनले गर्नु भएको थियो ।



कार्यक्रममा डा. गाविन्द आचार्यले 'लोक सङ्गीत हिजो र आज' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो भने प्राज्ञ यज्ञराज उपाध्याय र किरण बाबु पुनले टिप्पणी गर्नुभयो ।



*कार्यपत्र प्रस्तुत गर्दै संस्कृतिकर्मी किरणबाबु पुन*



कार्यपत्रमा डा. आचार्यले लोक सङ्गीतको परिभाषा तथा यसको उत्पत्तिको विषयमा प्रकाश पार्नु हुँदै लोक सङ्गीतका तत्त्वका बारेमा जानकारी गराउनु भएको थियो ।

कार्यपत्रमाथि टिप्पणी गर्दै प्राज्ञ उपाध्यायले लोक सङ्गीत सबैको साझा सम्पत्ति भए पनि गाउँघरमा रूमल्लिरहेको गीतलाई बान्की थपेर लोकगीत बनाउने सङ्कलनकर्ताको अधिकार स्थापित हुनुपर्ने बताउनुभयो ।

त्यस्तै किरण बाबु पुनले छालाले मोडेका बाजा मात्र ताल बाजा नभएको र सारङ्गी, झ्याली लगायतका बाजालाई समेत ताल बाजाका रूपमा प्रयोग गर्न सकिने बताउनुभयो ।

कार्यक्रममा आफ्नो भनाइ राख्दै प्रमुख अतिथि प्रेमराजा महतले नेपालका मौलिक चीजहरूलाई खोजी गरेर संरक्षण गर्नुपर्ने जोड दिँदै नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले आफ्नो उद्देश्य पूरा गर्न आफूलाई भौतिक तथा प्राज्ञिक रूपमा सबलीकरण गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा उपकुलपति शम्भु राईले अहिले बजारमा आएका मीठा र रसिला गीतलाई आफूले लोक गीतका रूपमा नलिएको बताउनु हुँदै लोक गीत भनेको शताब्दीऔँदेखि पुस्तान्तरण हुँदै आएका गीत हो भन्नुभयो ।

कार्यक्रममा नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छाली, वरिष्ठ गायक राजु परियार, इन्द्रेणी कार्यक्रमका सञ्चालक कृष्ण कणेलले पनि लोक सङ्गीतका विषयमा आना भनाइ राख्नु भएको थियो ।

प्राज्ञ राधा राईले सञ्चालन गर्नु भएको कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव, परिषद सदस्यहरू, वरिष्ठ लोक गायक गायिका तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# भक्तपुरमा सम्पन्न भयो मुकुन्डो नृत्य प्रदर्शनी



काठमाडौँ । भक्तपुरमा प्राचीनकालदेखि नाचिँदै आएका नृत्यहरूको प्रवर्धन गर्ने उद्देश्यका साथ यस प्रज्ञा-प्रतिष्ठानको नृत्य विभागले जेठ २७ गते शनिबार 'मुकुन्डो नृत्य प्रस्तुति २०८०' आयोजना गऱ्यो । कार्यक्रममा मुकुन्डो नाचबारे अन्तरक्रियासँगै विभिन्न मुकुन्डो नाच प्रस्तुत समेत गरिएको थियो ।

प्रज्ञा-प्रतिष्ठानका नृत्य विभाग प्रमुख प्राज्ञ बखत बहादुर हमाल सभापति रहनु भएको उक्त कार्यक्रमलाई बागमती प्रदेशका कृषि तथा पशुपंक्षी मन्त्री डा.राजेन्द्रमान श्रेष्ठले उद्घाटन गर्नु भएको थियो ।

मन्त्री श्रेष्ठले सदीयौँदेखि प्रस्तुत हुँदै आएका मुकुण्डो जस्ता परम्परागत नृत्यलाई संरक्षणसँगै प्रबर्धन गर्नको लागि नयाँ पुस्तामा हस्तान्तरण गर्नुपर्ने पनि बताउनु भएको थियो ।

कुमारी नृत्य प्रस्तुतिमार्फत् स्वागत गरिएको उक्त कार्यक्रममा नृत्य निर्देशक सङघका केन्द्रीय सचिव ऋषिकेश श्रेष्ठले भक्तपुरका नृत्यको अवस्थाबारे प्रकाश पार्नु भएको थियो ।

करिब दुई घन्टा महाकाली, भुत भैरव, नागचा प्याँख, माक प्याँख, महालक्ष्मी आदि विभिन्न मुकुन्डो नाचहरू प्रस्तुत गरिएको कार्यक्रममा मध्यपुर थिमी नगरपालिकाका उप-मेयर बिजयकृष्ण श्रेष्ठले नगरपालिकाका तर्फबाट यस्ता नृत्यहरू संरक्षण गर्न पहल गर्ने बताउनु भएको थियो । यस्तै नृत्यशास्त्री संस्कृतिकर्मी भैरवबहादुर थापा हाम्रो संस्कृति धरोहर नै हाम्रो सम्पत्ति भएकाले यस्ता नाचहरूको जगेर्ना गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा मध्यपुर थिमी वडा नं. ४ का वडा अध्यक्ष बालकृष्ण श्रेष्ठ, नृत्य निर्देशक सङ्घ नेपाल केन्द्रीय समितिका महासचिव नृपध्वज खत्री, उपाध्यक्ष प्रदिपमान श्रेष्ठ र संस्कृतिविद् गोपाल प्रजापतिले मुकुन्डो नृत्यको महत्त्व र अवस्थाबारे चर्चा गर्नु भएको थियो ।



समारोहका सभाध्यक्ष प्रज्ञा-प्रतिष्ठानका नृत्य विभाग प्रमुख प्राज्ञ बखत बहादुर हमालले परम्परागत रूपमा गरिँदै आएका मुकुन्डो जस्ता नृत्यहरूलाई मनोरञ्जनका लागि मात्र नभएर अनुष्ठानिक विधिपूर्वक गरिने भएकाले बदलिँदो समयानुसार विकास गरी प्रस्तुत गरिनुपर्ने बताउनुभयो ।

उहाँले यस्ता नृत्यहरूको पुस्तान्तरणसँगै अभिलेखीकरण गरी संरक्षण गर्न प्रज्ञा-प्रतिष्ठानले प्रदेश र स्थानीय सरकारसँग सहकार्य गरी अघि बढ्ने पनि बताउनुभयो ।

कार्यक्रममा प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ टीका पुन, प्राज्ञ हिसन बहादुर मगरले पनि शुभकामना मन्तव्य राख्नु भएको थियो । प्राज्ञ शान्ति कठायतले सहजीकरण गर्नु भएको कार्यक्रमको व्यवस्थापन नृत्य निर्देशक सङ्घ भक्तपुरले गरेको थियो ।




# विषयगत शिक्षक दरबन्दीको व्यवस्था गर्न ध्यानाकर्षण



काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको नाट्य विभाग प्रमुख प्राज्ञ हिसनबहादुर मगरले शिक्षा मन्त्री अशोककुमार राईसमक्ष सरकारले माध्यमिक तहको पाठ्यक्रममा सिर्जनात्मक कला विषयमा अनिवार्य शिक्षक दरबन्दी व्यवस्था गर्नपर्ने ध्यानाकर्षण गर्नु भएको छ ।

मिति २०८० जेठ २९ गते मन्त्रालयमा पुगी मन्त्री राई समक्ष सामुदायिक विद्यालयहरूका पाठ्यक्रममा समावेश सिर्जनात्मक कला अध्यापन गराई रहनु भएका विषयहरूको आधारभूत ज्ञान र गुणस्तर अभिवृद्धिका लागि प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रम र विषयगत शिक्षक दरबन्दीको आवश्यक पहलकदमी लिन माग पत्र पेश गर्नु भएको हो ।

प्राज्ञ मगरले माध्यमिक तहमा सिर्जनात्मक कला विषयलाई कक्षा ४ देखि ८ कक्षासम्म अनिवार्य र ८ देखि १० सम्म ऐच्छिक विषयका रूपमा राखिए पनि शिक्षा मन्त्रालयले विषयगत शिक्षकको दरबन्दी मिलान गर्न नसकेकोले सो माग राखेको बताउनुभयो ।

मन्त्री राईले विद्यालय तहमा पढाइ हुने सिर्जनात्मक कलाका विषय शिक्षकका दरबन्दीबारे प्रज्ञा-प्रतिष्ठानहरूको ध्यान जानु स्वभाविक रहेको भन्दै ध्यानाकर्षणका लागि धन्यवाद् दिनु भएको थियो । माग पत्र पेश गर्ने टोलीमा नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारद मणि हार्तम्छाली समेत हुनुहुन्थ्यो ।

# पशुपतिनाथ क्षेत्र सरसफाइ अभियान



काठमाडौँ । संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले 'स्वच्छ पशुपति सफा पशुपति, हाम्रो पशुपति राम्रो पशुपति' भन्ने मूल नारासहित २०७९ फागुन २७ गते शनिबारदेखि शुरू गरेको तीन महिने 'पशुपति क्षेत्र सरसफाइ अभियान, २०८०' मिति २०८० जेठ १३ गते सम्पन्न भयो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय लगायत मातहतका निकायका पदाधिकारी तथा कर्मचारीहरूको सहभागितामा पशुपति क्षेत्रका विभिन्न स्थानमा सरसफाइ भएको हो । विभागीय मन्त्री सुदन किरातीले नेतृत्व गर्नु भएको अभियानमा कलाकार, सेलिब्रेटी र सर्वसाधारणको समेत उल्लेख्य उपस्थिति रहेको थियो । अभियानमा यस प्रज्ञा-प्रतिष्ठानले दुई समूह बनाई प्रत्येक शनिबार आलोपालो सहभागिता जनाएको थियो ।

पशुपतिनाथ क्षेत्र सरसफाइ अभियान टुङ्गिएसँगै 'हाम्रो सम्पदा राम्रो सम्पदा' मूलका नाराको साथ जेठ २० गते शनिबारदेखि असार २ गते शनिबारसम्म तीन शनिबार स्वयम्भू क्षेत्रमा सरसफाइ सञ्चालन गरिएको थियो भने असार ९ गते ललितपुर जिल्लास्थित किरात धार्मिक वन सानो हात्तिवन मन्दिर परिसरमा पनि सरसफाइ गरिएको थियो ।




# दुई पुस्तक प्रकाशित

काठमाडौँ । सङ्गीत विधाको सैद्धान्तिक र प्रगोगात्मक विधामा सहयोग पुग्ने लक्ष्यका साथ आर्थिक वर्ष २०७९/८० को स्वीकृतबजेट अन्तर्गत दुई वटा पुस्तक यस प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित भए । प्रकाशित पुस्तक निवर्तमान प्राज्ञपरिषद् सदस्य अशोककुमार राईको संयोजन रहेको 'नेपाली लोकबाजा शिक्षण माला-१' र निवर्तमान प्रज्ञासभा सदस्य प्रदीप कुमार लामा (बोम्जन)ले तयार गर्नु भएको 'नेपाली प्रचलित मौलिक तालको प्रयोग र मानक निर्माण' रहेका छन् ।




सङ्गीतज्ञ शिलाबहादुर मोक्तान सम्पादक रहनु भएको 'नेपाली लोकबाजा शिक्षण माला-१' मा नेपालका १४ वटा लोकबाजाको परिचय, सम्बन्धित जाति, बाजा निर्माण र वाद्यवादन गर्ने तरिका तथा ती बाजाबाट उत्पन्न स्वर र लयको स्टाफ नोटेशन समेत समावेश गरिएको छ । १६ जना बाजा विज्ञले तयार गर्नु भएको यस पुस्तकमा च्याब्रुङ, ढोल, सनाईं, मादल, खैंजडी, सारङ्गी, पियुङ, धिमे, डम्फु, बाँसुरी, टुङ्ना र बिनायो-मुर्चुङ्गा बाजाबारे महत्त्वपूर्ण ज्ञान एवम् जानकारी समावेश गरिएको छ ।

त्यसै गरी अर्को पुस्तक 'नेपाली प्रचलित मौलिक तालको प्रयोग र मानक निर्माण' लेखक बोम्जनले छरपष्ट रूपमा रहेका नेपाली मौलिक ताल र बोललाई व्यवस्थापन गरी राष्ट्रिय स्वरूप निर्माण गर्ने उद्देश्यका साथ तयार गरेको दाबी गर्नु भएको छ । साथै आफूले शिक्षा मन्त्रालयमा करिब ३० वर्ष सङ्गीत शिक्षक, सङ्गीतसम्बन्धी पाठ्यपुस्तक लेखक, तालिम निर्देशक भई कार्य गर्दा प्राप्त ज्ञानलाई पुस्तकमा वैज्ञानिक पद्धतिमा सामान्यीकरण गर्ने प्रयास गरेको पनि उल्लेख गर्नु भएको छ ।



## वरिष्ठ गायक हरिबहादुर राउतको अन्तर्वार्ता छायाङ्कन

काठमाडौँ । वरिष्ठ लोकगायक हरिबहादुर राउतको अन्तर्वार्ता छायाङ्कन कार्य यस प्रज्ञा-प्रतिष्ठानको लोकसङ्गीत विभागद्वारा यही मिति २०७९ चैत २८ गतेदेखि ३० गतेसम्म दोलखा जिल्ला चरिकोट, राउतगाउँस्थित उहाँकै निजी निवासमा सम्पन्न भयो ।

छायाङ्कनको संयोजन लोक सङ्गीत विभाग प्रमुख प्राज्ञ टिका पुनले गर्नु भएको हो । नेपाली लोकगीत र सङ्गीत क्षेत्रमा राउतले पुर्‍याउनु भएको योगदान, गीतसङ्गीतको यात्रा तथा जीवन भोगाइका विषयलाई श्रव्यदृश्य माध्यममा अभिलेखीकरण गरिएको प्राज्ञ पुनले बताउनुभयो । भिडियोमा लोकगायक राउतले जीवनयापन गरेको ठाउँ, घाँसदाउरा गरेको स्थान, शिक्षा प्राप्त गरेको विद्यालय, पानीपँधेरो लगायतका ठाउँलाई समेटिएको छ ।

अन्तर्वार्ता तथा कुराकानी शैलीमा २९ गते बिहानदेखि ३० गतेसम्ममा छायाङ्कनका सम्पूर्ण कार्य सम्पन्न भएको थियो । सो अवसरमा वरिष्ठ श्रष्टा राउतलाई नगद रू. १० हजार प्रदान गरी सम्मान समेत गरिएको थियो । स्रष्टा राउतले आफ्ना सम्पूर्ण जीवन भोगाइ र योगदानको अभिलेखन कार्य गरेकोमा प्रज्ञा-प्रतिष्ठानले विशेष धन्यवाद दिनु हुँदै यस्ता कार्यलाई निरन्तरता दिन समेत अनुरोध गर्नु भएको थियो ।

## 'नेपाली नाटक : प्रथम अन्तर्राष्ट्रिय सेमिनार' प्रज्ञा-प्रतिष्ठानको सहकार्य

काठमाडौँ । नेपाल नाट्य प्रतिष्ठान पोखराले मिति २०८० वैशाख २८, २९ र ३० गते आयोजना गरेको 'नेपाली नाटक : प्रथम अन्तर्राष्ट्रिय सेमिनार'मा यस प्रज्ञा-प्रतिष्ठानको नाटक विभागले पनि सहकार्य गर्‍यो । गण्डकी प्रज्ञा-प्रतिष्ठान पोखराको सभाहलमा सञ्चालन भएको सेमिनारमा यस प्रज्ञा-प्रतिष्ठानका नाटक विभाग प्रमुख प्राज्ञ हिसनबहादुर मगर सहभागी हुनु भएको थियो ।




नेपाली नाटकको गुणस्तर श्रीवृद्धि गर्दै नेपाल र भारतका नेपाली नाट्यकर्मीबीच आपसी सद्भाव कायम गर्ने उद्देश्यले आयोजित सेमिनारमा भारतबाट ३८ जना र नेपालबाट ११२ जना नाट्यकर्मी सहभागी भएका थिए । नेपाल नाट्य प्रज्ञा-प्रतिष्ठानका अध्यक्ष प्रा.डा. रामचन्द्र पोखरेलको अध्यक्षतामा पोखरा महानगर पालिकाका प्रमुख धनराज आचार्यले समुद्घाटन गर्नु भएको तीन दिने सेमिनारमा नाट्यसम्बन्धी विभिन्न सत्रहरूमा छलफल, बहस तथा अन्तर्क्रिया गरिएको थियो ।

## निवर्तमान पदाधिकारीको विदाइ

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको तेस्रो कार्यकालका पदाधिकारीहरूको विदाइमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान कर्मचारी सङ्घले मिति २०७९ पौष ९ गते प्रज्ञा-प्रतिष्ठानको हलमा एक कार्यक्रम आयोजना गर्‍यो । सङ्घका अध्यक्ष हिलारी बन्धु भुजेलले कार्यकाल पूरा गरेर गएका पदाधिकारीको काम प्रज्ञा-प्रतिष्ठानको 'संस्थागत स्मृति'मा रहिरहने बताउनु भएको थियो ।

विदाइ समारोहमा निवर्तमान कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले कोभिड-१९ तथा अदालती मुद्दाका बाबजुद पनि नाट्यसङ्गीत क्षेत्रको विकास एवम् प्रज्ञा-प्रतिष्ठानको भौतिक पूर्वाधार निर्माणका क्षेत्रमा आफूहरूले सक्दो मिहिनेत गरी उपलब्धि समेत हासिल गरेकोमा कर्मचारी वर्गको सहयोगप्रति धन्यवाद् ज्ञापन गर्नु भएको थियो । कार्यक्रममा निवर्तमान पदाधिकारी उपकुलपति हरिहर शर्मा, सदस्यसचिव श्यामप्रकाश तमोट, प्राज्ञपरिषद् सदस्य र प्राज्ञसभा सदस्यहरूको उपस्थिति रहेको थियो ।



# कर्मचारी सङ्घद्वारा सांस्कृतिक कार्यक्रम



काठमाडौँ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान कर्मचारी सङ्घले मिति २०८० असार ७ गते नक्सालस्थित प्रज्ञा-प्रतिष्ठानको सभाहलमा सांस्कृतिक कार्यक्रम सम्पन्न गऱ्यो । प्रज्ञा-प्रतिष्ठानका उपकुलपति शम्भू राईको प्रमुख आतिथ्यता र सङ्घका अध्यक्ष हिलारीबन्धु भूजेलको सभापतित्वमा सम्पन्न कार्यक्रममा ख्यातिप्राप्त कलाकारहरूले साङ्गीतिक प्रस्तुति दिनु भएको थियो ।

वरिष्ठ नृत्यकार अर्जुन बि.सी.को समूहले देउडा नृत्य, वरिष्ठ गायक नवराज घोरासेनी र आशा लामाले लोकदोहोरी गीत, वरिष्ठ गायक विमलराज क्षेत्री, निवर्तमान प्राज्ञसभा सदस्य शिशिर योगी, लोकसङ्गीत विभाग प्रमुख प्राज्ञ टीका पुन, सदस्यसचिव कुश्मा महरा, प्राज्ञसभा सदस्य सुरथ विष्ट र शान्ति कठायतले आआफ्नो प्रस्तुति दिनु भएको थियो ।

सङ्घका सचिव जगदिश सापकोटाले सञ्चालन गर्नु भएको कार्यक्रममा प्रमुख अतिथि उपकुलपति राईले कर्मचारी सङ्घद्वारा आयोजित यस प्रकारका कार्यक्रमले कर्मचारी र पदाधिकारीबीच सौहार्दता कायम हुन गई आफ्ना लक्ष्य र उद्देश्य प्राप्तिमा सघाउ पुग्ने बताउनुभयो । त्यसै गरी सदस्यसचिव महराले सङ्घद्वरा आयोजित सांस्कृतिक कार्यक्रममा नेपालको पूर्वदेखि पश्चिमसम्मका सङ्गीत प्रस्तुति भएको भन्दै खुसी व्यक्त गर्नु भएको थियो । कार्यक्रममा सङ्घका वरिष्ठ उपाध्यक्ष ध्रुव वाग्लेले कार्यक्रमको उद्देश्यबारे स्पष्ट पार्नु भएको थियो भने सहसचिव नेत्र भूजेलले स्वागत मन्तव्य राख्नु भएको थियो । कार्यक्रममा प्राज्ञपरिषद् सदस्य, प्राज्ञसभा सदस्य र कर्मचारीहरूको उत्साहजनक उपस्थिति रहेको थियो ।

# रक स्टार रोबिन तामाङप्रति श्रद्धाञ्जली

काठमाडौँ। मिति २०८० साल असार १९ गते ६० वर्षको उमेरमा अचानक मृत भेटिएका वरिष्ठ नेपाली रक स्टार तथा अभिनेता रोबिन तामाङको पार्थिव शरीरलाई २४ गते आइतबार बिहान यस प्रज्ञा-प्रतिष्ठानको परिसरमा अन्तिम श्रद्धाञ्जलीका लागि राखियो । रक स्टार तामाङलाई माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराती, माननीय सूचना तथा सञ्चार मन्त्री रेखा शर्मा, प्रतिनिधिसभा सदस्य गगन थापा, प्रज्ञा प्रतिष्ठानका कुलपति निशा शर्मा, उपकुलपति शम्भु राई, सदस्य सचिव कुश्मा महरा, परिषद सदस्य चेतन सापकोटा, डक्टर राई लगायत वरिष्ठ सङ्गीतकर्मी, कलाकार र प्रशंसकहरूले अन्तिम श्रद्धाञ्जली अर्पण गर्नु भएको थियो ।



'रविन एन्ड द न्यू रिभोल्युशन' ब्यान्डका भोकलिस्ट तामाङ पछिल्लो समय अभियनमा पनि सक्रिय थिए । उनले 'छड्के', 'मुखौटा', 'नाका', 'चिसो एस्ट्रे' लगायत चलचित्रमा अभिनय गरेका थिए ।

सन् १९६३ मा सिंगापुरमा जन्मिएका उनले सन् १९९६ मा नेपाल फर्किएर पोखरामा 'रविन एन्ड लूजः' ब्यान्ड स्थापना गरेका थिए । यही ब्यान्ड स्थापनासँगै क्यानडा छँदा पन्ध्र वर्षसम्म अपनाएको इन्जिनियररिङ पेसा समेत छोडेका उनले पछि 'रविन एन्ड द न्यू रिभोल्युशन' स्थापना गरे । यही ब्यान्डले उनलाई सङ्गीतमा परिचय दिलायो । 'भूलमा भुल्यो', 'केटाकेटी', 'दम मारो दम', 'माइला भाइ' लगायत रविनका चर्चित गीत हुन् । ३४ वर्षको उमेरमा फ्रान्सेली युवतीसँग विवाह गरेका उनका दुई छोरी रहेका छन् ।